www.janaakash.com
जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
वर्ष- १९, अंक- १०, २०८३ साल असोज १३ गते मंगलबार (29 September, 2026) www.janaakash.com.np

सत्य, तथ्य, निष्पक्ष समाचारको लागि स्वऐच्छिक सहयोग गर्नसक्नुहुनेछ ।

# प्रधानमन्त्री बालेनको महासभाको सम्बोधन चौतर्फी चर्चा



काठमाडौं- प्रधानमन्त्री बालेन शाहले संयुक्त राष्ट्रसंघको ८१औँ महासभामा सम्बोधन गरेको विषय यतिवेला देश-विदेशमा चर्चा भईरहेको छ। प्रधानमन्त्रीले भनेका छन्, “नेपालले जलवायु परिवर्तनसँग जुध्न परेको छ भरखरै मात्रै भोटेकोशीको बाढीले धेरै जनधनको क्षति पुऱ्याएको छ। यो असर हाम्रो नेपालको कारणले नभई विश्वका कार्बन उत्सर्जन गर्ने देशहरुले धेरै कार्बन उत्सर्जन गरेर वातावरणीय तापक्रम बढाएका कारण हिमालमा हिउ पग्लिएर बाढी, पैरो जादा नेपालले अरबौको क्षति व्याहोर्नुको साथै मानवीय क्षति समेत व्यहोर्दै आउनु परेको छ। तिनै बाढीमा पुरिएका बगाएका पीडित नागरिकहरुको पीडा व्यात्त गर्न म यस महासभामा उपस्थिति भएको छु” भन्दै नेपालका प्रधानमन्त्रीले विश्वका प्रतिनिधिहरुको सामु युद्धको समेत कुटनैतिक रुपमा विरोध गरेका छन्।

विश्वका हत्तियारहरु विभिन्न नाका छिचल्दै २४ घण्टामा जुनसुकै ठाउँमा पुग्ने तर मानवा जीवनमा प्रायोग हुने किसानले मल पाउन बिभिन्न बाधा आइपर्ने भन्दै विश्वको ध्यानकर्षण गरेका थिए। उनले निक्कै भावपूर्ण गरेको सम्बोधन विश्वका मानव जातिको लागि उत्तिक्कै सन्देशमूलक र यर्थाथयुक्त थियो। उनले अन्तमा विश्वका मानिसहरुको पशुपतिनाथले रक्षा गरुण, बुद्धको ज्ञान विश्वले लिन समेत आग्रह गरेका छन्।

प्रधानमन्त्रीले राष्ट्रसंघमा गरेका सम्बोधन यस्तो रहेको थियो

प्रधानमन्त्री वालेन्द्र शाहले संयुक्त राष्ट्रसंघको ८१औँ महासभामा असोज ९ गते शुक्रबार गरेको सम्बोधन जस्ताको तस्तैः

श्रीमान् अध्यक्षज्यू,
श्रीमान् महासचिवज्यू,
महामहिमज्यूहरू,
सम्माननीय प्रतिनिधिज्यूहरू,
महिला तथा सज्जनवृन्द,

म यहाँ तपाईंहरूसामू हिमालयमा रहेको एउटा टाढाको देश नेपालका तर्फबाट मानवतालाई नजिकैदेखि दिइरहेको चेतावनी लिएर आएको छु। आज म यहाँ विकास, लोकतन्त्र, शान्ति र एउटा राष्ट्रको आशाबारे मात्रै बोल्न चाहन्थे।

तर, त्यसको सट्टा, म मृत्यु »बाकी ६ पृष्ठमा

## जेनजी अभियानी अन्सारीको प्रश्न : ‘प्रधानन्याधीसलाई थ्रेट भए चौकीमा राख्ने हो ?’



काठमाडौं । जेनजी अभियानी तथा कानुनका विद्यार्थी माजिद अन्सारीले पूर्वप्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरालाई सुरक्षा थ्रेटका नाममा नियन्त्रणमा लिएको घटनाप्रति प्रश्न उठाएका छन्।

आइतबार सामाजिक सञ्जालमार्फत अन्सारीले सुरक्षा थ्रेटका कारण व्यक्तिलाई नियन्त्रणमा लिने हो भने भविष्यमा प्रधानमन्त्री वा गृहमन्त्रीलाई सुरक्षा खतरा भए उनीहरूलाई पनि प्रहरी चौकीमा लगेर राख्ने हो कि भन्दै प्रश्न गरेका हुन्।

उनले पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीलाई सुरक्षा थ्रेट नभएको अवस्थामा पूर्वप्रधानन्यायाधीश जबरालाई कसरी सुरक्षा खतरा भयो भन्ने प्रश्न गर्दै थ्रेट दिने भनिएका व्यक्तिलाई अहिलेसम्म किन पक्राउ नगरिएको भन्दै सरकारसँग जवाफ मागेका छन्। अन्सारीले नेपाल सरकारले उपलब्ध गराएका सुरक्षाकर्मीको सुरक्षा घेराभित्र रहेका पूर्वप्रधानन्यायाधीशलाई सुरक्षा थ्रेट दिन सक्ने व्यक्ति वा समूह भए त्यसलाई किन नियन्त्रणमा नलिइएको भन्दै प्रश्न गरेका छन्। उनले सरकारको सुरक्षा व्यवस्थामाथि समेत प्रश्न उठाउँदै सुरक्षा दिन नसक्ने भए गृह मन्त्रालयको जिम्मेवारीमा बसेर काम गर्ने नैतिक आधारबारे समेत प्रश्न गरेका छन्।

यसअघि आइतबार मध्यराति काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका डीएसपीको नेतृत्वमा प्रहरी टोली परिचालन भएको थियो। करिब बिहान ३ बजेतिर प्रहरीले पूर्वप्रधानन्यायाधीश जबरालाई सुरक्षा थ्रेटको कारण देखाउँदै नियन्त्रणमा लिएर कार्यालयमा ल्याएको थियो। प्रहरीले भने उनलाई पक्राउ नगरिएको बताएको थियो।

करिब १० घण्टा कार्यालयमा राखेपछि परिवारको जिम्मा »बाकी ६ पृष्ठमा

## न्यायालय तर्साउन खोजिएको भए सरकारलाई घातक हुन्छ : प्रचण्ड



काठमाडौं- नेपाली कम्युनिष्ट पार्टी (नेकपा)का संयोजक पुष्पकमल दाहाल ‘प्रचण्ड’ले पूर्वप्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरालाई पक्राउ गरेर न्यायालयलाई तर्साउन खोजिएको हो भने त्यो सरकारका लागि घातक हुने बताएका छन्।

सोमबार सिंहदरबारस्थित संसद् भवन परिसरमा सञ्चारकर्मीसँग कुरा गर्दै प्रचण्डले सुरक्षा थ्रेटको नाममा पूर्वप्रधानन्यायाधीश जबरालाई बिना कारण पक्राउ गरिएको भन्दै आपत्ति जनाएका हुन्। उनले सरकारले विशिष्ट व्यक्तिहरूलाई पक्राउ गर्ने ‘दुस्साहस’ गरे त्यसको ठूलो मूल्य चुकाउनुपर्ने चेतावनी दिए। ‘यदि सरकारले छोरीलाई पिटेर बुहारी »बाकी ६ पृष्ठमा

## एसएसपी खड्कालाई उपस्थित गराउन मानव अधिकार आयोगको पत्र




काठमाडौं- राष्ट्रिय मानव अधिकार आयोगले काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रमुख एसएसपी सन्तोष खड्कालाई आयोगमा उपस्थित गराउन प्रहरी प्रधान कार्यालयलाई पत्र पठाएको छ।

आयोगले सोमबार प्रहरी प्रधान कार्यालय नक्साललाई पत्र लेख्दै एसएसपी खड्कालाई मंगलबार आयोगमा उपस्थित गराउन भनेको हो।

पूर्वप्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरालाई नियन्त्रणमा लिएको विषयमा बुझ्न कार्यालय पुगेको आयोगको टोलीलाई प्रवेश गर्न नदिइएको घटनाबारे जानकारी लिन खड्कालाई बोलाइएको आयोगले जनाएको छ।

आयोगका सहप्रवक्ता श्यामबाबु काफ्लेका अनुसार खड्कालाई आयोगमा उपस्थित गराउन प्रहरी प्रधान कार्यालयलाई पत्र पठाइएको हो।

जबरालाई सुरक्षा थ्रेट रहेको भन्दै प्रहरीले मध्यरातमा बाँसबारीस्थित निवासबाट नियन्त्रणमा लिएको थियो। आइतबार बिहान करिब ३ बजे उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयमा ल्याइएको थियो।

जबरालाई नियन्त्रणमा लिएको जानकारी पाएपछि »बाकी ६ पृष्ठमा

सफलताको १९ वर्ष पूरा




बैंक स्थापनाको १९ वर्ष पूरा गरी २० औं वर्ष प्रवेश गरेको शुभ अवसरमा हामीलाई निरन्तर प्रेरणा, प्रोत्साहन र मार्गदर्शन प्रदान गर्नु हुने सम्पूर्ण ग्राहक महानुभावहरु, नियामक निकाय, सञ्चारजगत, कर्मचारी लगायत शुभेच्छुक महानुभावहरुमा हार्दिक आभार एवं कृतज्ञता प्रकट गर्दछौं ।

यस शुभ अवसरमा हामी आगामी दिनमा अझ प्रतिस्पर्धी, गुणस्तरीय एवं नवीनतम् बैंकिङ्ग सेवा प्रदान गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं ।

PRIME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड
'A' Class Institution Licensed by Nepal Rastra Bank

Central Office: Kamalpokhari, Kathmandu, Nepal,
+977 01-4523254, 01-4523432/3 & 01- 4523436, info@pcbl.com.np

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
www.janaakash.com.np
वर्ष -१९, अंक- १०,
२०८३ साल असोज १३ गते मंगलबार
28 September 2026, Tuesday

...मान्छे कसैले पनि कर्म लियर आएका हुदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय

# प्रीन्ट मिडियाको अस्तित्वको रक्षा गरौं

विश्व बजारमा डिजिटलको माध्यमवाट सञ्चार तथा अन्य व्ययवसायसम्म डिजिटल हुदै गईरहेका छन् । त्यसको प्रभाव नेपालमा नआउने कुरै भएन । नेपालमा पनि डिजिटलको बजार विस्तार हुदै आएको छ । तर विश्वसनीयतामा त्यति प्रभावकारी हुन सकेको छैन । नकरात्मक भ्रम सृर्जना गर्न र अफवाह फैलाउन भने काम लाग्ने गरेको छ । यो सामाजिक सञ्जालको कोणवाट मात्रै भनिएको हो । जस्तै एकजना दिलभूषण पाठक पत्रकारले रमाइलो मानेर टिकटकमा पूर्व प्रधानमन्त्री देउवाको छोरा जयवीरको लगानी भएको हिल्टन होटल भनेर गलत डिस इन्फरमेशन अर्थात भ्रुट सूचना फैलाएका कारण राजनीतिक पार्टीप्रति वितृष्णा फैलाएर आगलागी गराउने घटनामा हिल्टन होटल, भाटभाटेनी जस्ता नीजि लगानीका सम्पतिहरु जेन्जीले आगो लागए । जेन्जीहरुलाई यस्ता डिजिटल माध्यमहरुमा धनी भनेको गलत गरेर कमाउछन् भन्ने डिस इन्फरमेशन यस्तै डिजिटल माध्यमहरुवाट सिकाएको थियो । यसरी डिजिटल दुरुपयोग हुनसक्छ । त्यही भाटभाटनी कम्पनीले उनको बुबा आमाको नामवाट बनाईदिएको त्रिभूवन सिक्षण अस्पताल (टिचिङ) अस्पताल बनाएर उदारहरणीय काम गरेको, नेपाली युवाहरुलाई नेपालमा नै धेरै रोजगार दिएको र अर्का जगदम्बा ग्रुपका शंकर अग्रवालले जगदम्बा ग्रुप अर्न्तगत व्यवसाय गरेर नेपालको सवैभन्दा ठूलो स्टिल कारखाना स्थापना गरेर धेरैलाई नेपालीलाई रोजगार दिएको विषय डिजिटल माध्यमले साकरात्मक समाचार बनाएर राईट इन्फमेशन दिन सकेन । त्यसको असर नेपाली युवाहरुमा परयो र जलाए । उनिहरुकै प्रतिष्ठा र सम्पति जलाए ।

त्यति मात्र काहा होर डिजिटलको डिस इन्फमेशनका कारण नकरात्मक प्रवाह बढी भएर देशका ठूला ठूला सम्पति नष्ट हुने देखि व्याक्ति विशेषका आत्म सम्मान र प्रतिष्ठामा समेत ठेस पुग्नेगरी डिजिटल माध्यम प्रयोग भईरहेका छन् । यस्तो वेला सहि सत्य र विश्वसनीयताको लागि छापा माध्यम अर्थात पत्रपत्रिकाको महत्व बढीरहेको छ भन्ने देखाउछ ।

यो भन्दा आगडी पनि डिजिटल नआउदै छापा माध्यमले समाजलाई सुसुचित गर्न सहि, सत्य समाचार प्रकाशन गरेर आम नागरिकलाई सेवा दिदै आईरहेकै हुन् । अहिले पनि सत्य, तथ्यमा आधारित भएर समाचार प्रकाशन गर्दै आईरहेका छन् । यसरी समाजमा सत्य, तथ्य, विश्वसनीय समाचार प्रकाशन गर्दै आईरहेका पत्रपत्रिकाले समाजलाई जोड्ने, राष्ट्रमा हुने विकृति विसंतिको भण्डाफोर गरेर असल साशन, सभ्य समाजको परिकल्पना गर्ने यिनै छापामाध्यमहरु हुन् । राष्ट्रलाई यिनै छापामाध्यमले योगदान दिदै आएका छन् ।

यस्ता महत्वपूर्ण भुमिका निर्वाह गर्ने छापामाध्यम विशेष गरेर पत्रपत्रिकाहरुको संक्षण, सुरक्षा गर्नु निजी क्षेत्र र सरकार दुवैको दाइत्व हो ।

सरकारमा रहेका वा निजी क्षेत्रका महात्वपूर्ण ठाउँमा पुगेका अध्ययनशील जो विगतमा छापामाध्यमवाट छापिएका ज्ञान, विज्ञान, सामाजिक, राजनीतिक वा सही समाचार छनौट गरेर यिनै पत्रपत्रिका पढेर समाचार, लेख पढेपछि तिनै समाचार, लेखवाट प्रेरित भएर आफ्ना विचार पत्रपत्रिकामा प्रकाशन गरी ख्याति कमाउदै देशको प्रतिष्ठित पदीय जिम्मेवारीमा पुगेका छन् ।

उनिहरुले यो कुरा बृसेका छैनन् । त्यसैले छापा माध्यममा आर्थिक रुपले समस्यामा पर्दै गएको बेला निजी क्षेत्रले छापा माध्यमलाई हात खुकुलो पारेर सरकारले नीतिगत रुपमा नै पत्रपत्रिकालाई संक्षण गर्ने गरी सवै मिलेर यसको रक्षा गर्नुपर्छ ।

# संयुक्त राष्ट्रसंघको ८१ औं महासभा :नेपालको सशक्त प्रस्तुति, सार्थकता गृहकार्यमा निर्भर



■ बद्री तिवारी

**यो नेपालको मात्र दुर्भाग्य होइन, बंगलादेशलाई सोध्नुहोस्, भुटानलाई सोध्नुहोस्, भारत, माल्दिभ्स, पाकिस्तान वा श्रीलंकालाई सोध्नुहोस्, हाम्रो क्षेत्रका जुनसुकै देशलाई सोध्नुहोस्, तपाईले यही कुरा सुन्नुहुनेछ । हामीले नतताएको जलवायुको मार पनि हामीले नै खेपेका छौं, र हामीले शुरु नगरेका युद्धहरुको मार पनि हामीले नै भोगिरहेका छौं ।**

प्रधानमन्त्री बालेन्द्र शाहले गत शुक्रबार अमेरिकाको न्युयोर्कमा संयुक्त राष्ट्रसंघको ८१ औं महासभालाई गर्नुभएको सम्बोधनले यतिखेर विश्व समुदायको ध्यानाकर्षण गराएको छ । शाहको सशक्त प्रस्तुति यसकारण पनि चर्चित बनेको छ कि जलवायु परिवर्तनका कारण उत्पन्न संकटले विश्वका सम्पूर्ण मानवजातिका लागि चेतावनी दिएको छ यसले ।

अघिल्लो महिना नेपालले भोग्नुपरेको विनाशकारी भोटेकोशी-रसुवा बाढीको कहरलाई बुँदागत रुपमा प्रस्तुत गरेर कार्बन उत्सर्जनका कारण उत्पन्न हुने जलवायु परिवर्तनबाट उत्पन्न संकटको सिकार यतिखेर नेपाल बने पनि प्रत्यक्ष वा परोक्ष रुपमा सारा विश्व नै मानवीय संकटबाट मुक्त नभएकोले सबै सचेत हुनुपर्ने सन्देश प्रवाह भएको छ । त्यसो त यसपटक राष्ट्रसंघ महासभामा नेपालका अतिरिक्त अन्य तीन दर्जनभन्दा बढी देशका प्रतिनिधिहरुले पनि जलवायु परिवर्तनको रुप बाढी, पहिरो, सुख्खा खडेरी, हावाहुरी, आगलागी, सुनामीलगायतका विभिन्न खाले संकट उत्पन्न हुने भएकाले मानवजातिकै अस्तित्व संकटमा पर्दै गएको चिन्ता प्रकट गरेका छन् ।

नेपालले भने जलवायु परिवर्तनको असरलाई आफूले नखाएको विषको सिकार बन्नुपरेको वास्तविकता दर्शाएर त्यसको क्षतिपूर्ति पाउनुपर्नेसम्मको तर्कपूर्ण जलवायु न्यायको माग गरेको छ ।

नेपालमा जलवायु परिवर्तनबाट हुने गरेका नोक्सानीहरु खासगरी- हिमताल फुट्ने, हिउँ पग्लिने, अनिश्चित वर्षा हुने र बाढी/पहिरोले गर्दा ठूलो मूल्य चुकाउनुपरिरहेको छ । महासभामा नेपालको प्रस्तुति शान्त र सौम्य देखिए पनि ठूला देशहरुलाई कठोर प्रहार लाग्न सक्छ, किनकि यसको कूटनीतिक अर्थ हुनसक्छ- 'तिमी ठूला औद्योगिक देशहरु जो धेरै कार्बन उत्सर्जन गर्छौ, त्यसको सीधा असर हाम्रोजस्तो हिमाली देशमा परिरहेको छ, नगरेको गल्तीबाट सजायँचाहिँ हामीले भोगिरहनुपरेको छ । जलवायु परिवर्तनको मुख्य कारक तत्वहरु तिमीहरु भए पनि त्यसको सीधा असर हामीजस्ता अल्पविकसित राष्ट्रले ठूलो मूल्य चुकाउनुपरिरहेको छ ।'

सो तर्कपूर्ण एवं वैज्ञानिक आधारसहितको सम्बोधनले विश्वमञ्चमा आफ्ना भोगाइलाई स्पष्टसँग प्रस्तुत मात्रै गरेन जलवायु न्यायको माग पनि गरेर विनागल्ती सजायँ भोग्नुपरेको वास्तविकतालाई उजागर गर्दै नेपालको सशक्त उपस्थिति जनाएको छ । विश्वको कुल कार्बन उत्सर्जनमध्ये नेपालले शून्य दशमलव १ प्रतिशतभन्दा कम उत्सर्जन गर्दछ तर अकल्पनीय रुपमा सजायँ भोग्नुपरिरहेकोछ,ठूलोमूल्यचुकाउनुपरेको छ, हो जलवायु परिवर्तनबाट हामीलाई परिरहेको अन्यायपूर्ण असर यही हो । यही अन्यायबाट पीडित छ नेपाल भनेर प्रम शाहले जलवायु न्यायको माग गर्नुभएको हो । त्यसैले हामी जलवायु न्यायको कुरा उठाउँछौं । जलवायु न्याय भनेको बढी हरितगृह ग्यास उत्सर्जन गर्ने विकसित तथा औद्योगिक राष्ट्रहरुले बढी जिम्मेवारी लिनुपर्छ भन्ने हो ।

प्रम शाहको सम्बोधनको केही अंश- 'आज म ती परिवारहरुका बारेमा जो कहिल्यै घर नफर्कने आफ्ना प्रियजनहरुको प्रतीक्षामा छन्, ती समुदायका बारेमा जो हिलो, ढुङ्गा र भेलभित्र कहिल्यै फेला नपर्न सक्ने आफन्तका शवहरु खोतल्दै छन् । ती पुलहरु, सडकहरु, विद्यालयहरु, घरहरु र जीविकोपार्जनका साधन/माध्यमका बारेमा, जो-केही मिनेटमै बगेर नष्ट भए र त्यो देशका बारेमा बोल्दै छु, जसको दिगो विकास लक्ष्य हासिल गर्ने निरन्तरको यात्रामा गम्भीर अवरोध पुगेको छ । चार हप्ताअघि, विश्वले नेपालका हिमाली बस्तीहरुलाई बगाएर लगेको भीषण बाढीका स्तब्धकारी दृश्यहरु देख्यो, जसको उग्रतालाई धेरैले हिमाली सुनामी नाम दिए, भोटेकोशी र त्रिशूलीको त्यो विपद् कुनै स्थानीय त्रासदी मात्र थिएन । त्यो विश्वकै लागि एउटा चेतावनी थियो ।

र, आज म तपाईंहरुलाई सोध्न चाहन्छु- के हामीले त्यो चेतावनीलाई साँच्चै सुनेका छौं ? करिब तीन वर्षअघि सर्वोच्च शिखर सगरमाथाको फेदमा उभिएर संयुक्त राष्ट्रसंघका महासचिवले मानवजातिलाई जलवायु पागलपन र मडारिँदो विपद्बारे सचेत गराउनुभएको थियो । संसारको छानोबाट गरिएको त्यो चित्कार पर्याप्त रुपमा सुनिएन । हामी नेपालमा हुनेहरुले सुन्यौं, हाम्रा समुदायहरुले सुने, विश्वभरका वैज्ञानिकहरुले सुने र प्रमाणसहित त्यसलाई दोहोऱ्याए । तर हामी राजनीतिक नेतृत्वहरु ती चेतावनीहरुलाई कार्यरुपमा बदल्न र जोखिममा रहेका नागरिकहरुलाई आवश्यक पर्ने गति र स्तरमा काम गर्न उदासीन रह्यौं ।

यो संकट हामीले निम्त्याएका होइनौं, तैपनि हामी यसको ठूलो मूल्य चुकाइरहेका छौं । हाम्रा हिमनदीहरु खुम्चँदै छन्, पहाडी भिरालोहरु अस्थिर बन्दै छन्, हाम्रा नदीहरुको बहाव अनिश्चित हुँदै छ र हरेक ठूलो विपद्ले वर्षौंदेखिको विकासलाई नामेट पार्ने चेतावनी दिइरहेको छ । त्यसैले नेपालका लागि जलवायु विपद् केवल मानवीय सहायताको विषय मात्र होइन, यो एक विकास संकट हो । ....जलवायु परिवर्तनले सिमाना चिन्दैन, हिमनदी र बाढीहरु राहदानी वा प्रवेशाज्ञा बोकेर यात्रा गर्दैनन् ।'

निश्चय नै प्रम शाहले विश्वसामु व्यक्त गर्नुभएको धारणालाई गम्भीरताका साथ नलिने हो भने यसले कसैलाई पनि छोड्दैन । यसपालि नेपाललाई संकट पऱ्यो तर यसको अर्थ यो होइन कि यो यत्तिकैमा टऱ्यो । बरु यस्ता प्राकृतिक विपत्तिहरु जहाँ र जहिले पनि उत्पन्न हुन सक्छन्, त्यसैले समय छँदै सबै सचेत भएर जोखिमबाट मुक्त हुनका लागि तयार अवस्थामा रहन सकेमा बेस हुनेछ । यस्ता घटनाबाट पीडित भइसकेपछि प्रभावित देशले आफ्नो क्षमताले पुनर्स्थापना तथा राहतका कार्यहरु गर्न सक्दैन । प्रधानमन्त्री शाहले विश्वमञ्चमा उठाएभैँ, नेपालले आफ्नै स्रोत-साधनबाट मात्र यस्ता ठूला जलवायुजन्य विपद्को सामना गर्न सक्दैन । तसर्थ यस्ता संकटबाट पार पाउन र प्रभावित नागरिकको पुनर्स्थापनाका लागि तत्काल अन्तर ष्ट्रिय जलवायु वित्त र हानि नोक्सानी कोषको न्यायोचित रकम नेपालले पाउनु आवश्यक छ ।

**केही मार्मिक प्रसंग**

'अन्तरमहादेशीय क्षेप्यास्त्रहरु ठीक समयमा पुग्छन्, राइफल र गोलाबारुदले सिमाना पार गर्छन्, हरेक अवरोध हटाउँछन् र समयमै पुग्छन् तर नेपालको एक किसानले आवश्यक परेको बेला बजारमूल्यमा मल वा इन्धन पाउन सक्दैन ।

हामीले यस्तो संसार बनाएका छौं, जहाँ युद्धका लागि त्रुटिरहित र चुस्त बन्दोबस्ती छ तर खाद्यान्नका लागि भने टुटेको व्यवस्था छ । यो नेपालको मात्र दुर्भाग्य होइन, बंगलादेशलाई सोध्नुहोस्, भुटानलाई सोध्नुहोस्, भारत, माल्दिभ्स, पाकिस्तान वा श्रीलंकालाई सोध्नुहोस्, हाम्रो क्षेत्रका जुनसुकै देशलाई सोध्नुहोस्, तपाईंले यही कुरा सुन्नुहुनेछ । हामीले नतताएको जलवायुको मार पनि हामीले नै खेपेका छौं, र हामीले शुरु नगरेका युद्धहरुको मार पनि हामीले नै भोगिरहेका छौं ।'

यसरी विश्वव्यापी सहकार्यको हालत कतिसम्म पातलिएको रहेछ भनेर प्रम शाहले विश्वका नेताहरुको ध्यानाकर्षण हरेक शब्द, वाक्य र अनुच्छेदमार्फत गराउनुभयो । प्रत्यक्ष रुपमा कुनै पनि देशलाई सीधै दोषारोपण यो होइन, बरु समष्टिगत रुपमा औद्योगिक देशहरुको समूहलाई तिमीहरु जिम्मेवार बन भनेर दिनुभएको सुझावका रुपमा ती देशहरुले ग्रहण गरे र व्यवहारमा पनि परिवर्तन गरे भने नेपालको यो सम्बोधन निश्चय नै सार्थक बन्न सक्ने अपेक्षा गर्न सकिन्छ । अन्यथा विगतमा जस्तै महासभामा देशहरुले आ-आफ्ना कुरा राख्ने र स्वदेश फर्कने, अनि अर्को महासभासम्म त्यो विषय नै थन्किने भयो भने जसले जे-जे सुझाव दिए पनि कुनै अर्थ रहँदैन । विश्वव्यापी शासन प्रणालीको असफलताले निम्त्याएको वर्तमान संकटविरुद्ध अहिले नेपाल एक्लै लड्न नसक्ने जनाउँदै प्रम शाहले महासभाले तत्काल यी ६ सूत्र (६ वटा आ) लाई ध्यान दिनुपर्ने सुझाव प्रस्तुत गर्नुभएको छ- विपद्पछि तुरुन्त आवश्यक पर्ने राहत, पुनर्स्थापना र पुनर्निर्माण तथा दोस्रो चरणमा जिम्मेवारी, क्षतिपूर्ति र पुनरुत्थानशीलतालाई ध्यान दिनुपर्ने तथा कार्यान्वयनको रुप दिनुपर्ने विषय निकै नै गम्भीर छन् ।

उहाँले जब जलवायुजन्य विपद्ले गरिब देशको पूर्वाधार ध्वस्त पार्छ, त्यसको व्यवस्थापन केवल अर्को ठूलो ऋण वा साना अनुदानको टालटुले सहायताले हुन नसक्ने प्रस्ट्याउँदै नेपाललाई विश्वबाट पर्याप्त मात्रामा अनुदानमा आधारित सहयोगको माग गर्नुभयो । यो माग किन पनि उचित छ भने, नेपालले एकातिर प्रकृतिलाई नाश पार्ने खालका कार्बन उत्सर्जन गर्दैन बरु आफ्नो झन्डै आधा भूभागमा वनक्षेत्र पुनर्स्थापित गरेको छ, स्वच्छ ऊर्जाका लागि जलविद्युत्को विकास गरिरहेको र विद्युतीय यातायातलाई प्रवर्द्धन गरिरहेकोले विश्व जलवायु प्रणालीमा योगदान पुऱ्याइरहेको छ ।

त्यसका अतिरिक्त नेपाल, भारत र चीनको नेतृत्वमा एउटा हिमाली जलवायु उत्थानशीलता संयन्त्र (हिमालयन क्लाइमेट रेजिलेन्स मेकानिजम) स्थापना गर्ने तथा सोही संयन्त्रमार्फत भू-उपग्रहका तथ्यांक र विज्ञता आदानप्रदान गर्ने, जोखिमयुक्त हिमालहरुको अनुगमन गर्ने, संयुक्त चेतावनी प्रणालीलाई मजबुत बनाएर विपद्का बेला सिमाना वारपार समन्वय गरी तत्काल सहायता उपलब्ध गराउन सकिनेछ । राष्ट्रसंघीय महासभामा प्रस्तुत यी सबै वास्तविकता, चेतावनी र सुझावलाई गम्भीर रुपमा ग्रहण गर्ने वातावरण बनोस् । नेपालले राखेका प्रस्तावहरु सार्थक बन्न सके भने नेपाल तथा योजस्ता अन्य साना मुलुकहरुको पनि सुनुवाइ हुँदो रहेछ भन्ने छवि निर्माण हुनेछ ।

यद्यपि नेपालले आफ्ना कुरा राखेर मात्र सुख पाउँदैन, आफ्नो अवधारणा अनुकूलको जलवायु तथा वातावरणीय सवालमा विशेष किसिमबाट निन्तर गृहकार्य गर्नुपर्ने आवश्यकता रहेको सम्बद्ध विज्ञहरुले सुझाएका छन् । साथै आगामी २०८३ कार्तिक २३ देखि मंसिर ४ गते (२०२६ नोभेम्बर ९-२०) सम्म टर्कीको पर्यटकीय नगरी अन्ताल्यामा आयोजना हुने जलवायु सम्मेलन (कोप-३१) मा प्रस्तुत गर्ने एजेन्डामा नेपाल गृहकार्यमा जुटिसकेको समाचार प्रकाशमा आएको छ, यो सकारात्मक पक्ष हो ।

नेपालले राख्ने भनिएका जलवायु वित्त र हिमाल र पर्वतीय क्षेत्रका मुद्दाहरुलाई सशक्त रुपमा प्रस्तुत गर्नका लागि सोही अनुसारको गृहकार्य जरुरी पर्दछ, जसमा आन्तरिक बजेट व्यवस्थापन, दीर्घकालीन योजनाको रुपरेखा र अन्तर्राष्ट्रिय जलवायु कोषबाट हुनसक्ने स्रोत व्यवस्थापनजस्ता विषय हुनसक्छन् । अनि मात्र नेपालले विश्वसामु उठाएका समस्या र समाधानका उपायहरुलाई कार्यान्वयनको रुप दिलाउन तथा त्यसका लागि आवश्यक दबाब सिर्जना गर्न सकिन्छ ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
www.janaakash.com.np



# देउवा पक्षको महाधिवेशनमा केन्द्रीय नेता स्वतः प्रतिनिधि, वडादेखि युवाको सहभागिता अनिवार्य



काठमाडौं । नेपाली कांग्रेसका निवर्तमान सभापति शेरबहादुर देउवा पक्षले आगामी मंसिर २१ देखि २३ गतेसम्म १५औँ महाधिवेशन गर्ने तयारी गरेको छ । देउवा पक्षले महाधिवेशन प्रतिनिधि चयनदेखि पार्टीका विभिन्न तहमा युवा सहभागितासम्मका विषयमा व्यवस्था तय गरेको छ ।

देउवा पक्षले आयोजना गर्ने महाधिवेशनमा केन्द्रीय नेताहरू सम्बन्धित वडाबाट चुनाव जितेर महाधिवेशन प्रतिनिधि बन्नुपर्ने व्यवस्था नरहने भएको छ । १४औँ महाधिवेशनबाट निर्वाचित केन्द्रीय पदाधिकारी, निर्वाचित तथा मनोनीत केन्द्रीय सदस्य, आमन्त्रित केन्द्रीय सदस्य र प्रदेश सभापतिहरू स्वतः महाधिवेशन प्रतिनिधि हुने व्यवस्था गरिएको छ ।

त्यस्तै, पछिल्लो निर्वाचनमा प्रतिनिधिसभा, राष्ट्रियसभा र प्रदेशसभा सदस्यमा प्रत्यक्ष तथा समानुपातिकतर्फ निर्वाचित सांसद र सांसदका उम्मेदवारलाई पनि सम्बन्धित क्षेत्रको प्रतिनिधिका रूपमा सहभागी गराउने व्यवस्था गरिएको छ । क्षेत्रीय तथा जिल्ला सभापतिहरूलाई पनि सम्बन्धित क्षेत्रको प्रतिनिधि रहने व्यवस्था गरिएको छ । यसको विपरीत, गगन थापा नेतृत्वको कांग्रेसले भने केन्द्रीय नेताहरूलाई स्वतः महाधिवेशन प्रतिनिधि बनाउने व्यवस्था नराखी वडाबाटै निर्वाचित भएर आउनुपर्ने व्यवस्था गरेको छ ।

देउवा पक्षले पार्टीका वडा तहदेखि सबै संरचनामा युवा सहभागिता सुनिश्चित गर्ने व्यवस्था पनि अघि सारेको छ । जसअनुसार १८ देखि २८ वर्ष उमेर समूहका कम्तीमा एक महिला र एक पुरुष वडा कार्यसमितिमा रहनुपर्नेछ । त्यस्तै, ४० वर्षमुनिका कम्तीमा एक महिला र एक पुरुष रहने व्यवस्था गरिएको छ ।

प्रदेश अधिवेशन प्रतिनिधिमा पनि दुई जना युवा रहने व्यवस्था गरिएको छ । केन्द्रीय महाधिवेशन प्रतिनिधिमा प्रत्येक क्षेत्रबाट ४० वर्षमुनिका कम्तीमा एक महिला र एक पुरुष आउने व्यवस्था छ । साथै विज्ञ र श्रमिकतर्फबाट प्रत्येक क्षेत्रबाट दुई जना महाधिवेशन प्रतिनिधि रहने व्यवस्था थप गरिएको छ ।

देउवा पक्षले कुनै पनि तहको पदमा उम्मेदवार बन्न क्रियाशील सदस्यताको समयावधि हद लागू नहुने व्यवस्था गरेको जनाएको छ ।

यसअघि विशेष महाधिवेशनमा सहभागी नभएको देउवा पक्षले छुट्टै महाधिवेशन गर्न लागेको हो । गगन थापा नेतृत्वको कांग्रेसले असोज १६ देखि १९ गतेसम्म १५औँ महाधिवेशन गर्ने तयारी गरिरहेको छ भने देउवा पक्षले मंसिर २१ देखि २३ गतेसम्म समानान्तर महाधिवेशन गर्ने तयारी गरेको छ ।

# न्यूह्याम्पसायरका नेपाली अमेरिकी समुदायबाट बाढीपीडितलाई १ करोड बढी सहयोग




काठमाडौं- अमेरिकाको न्यूह्याम्पसायर राज्यमा बसोबास गर्ने नेपाली अमेरिकी समुदायले नेपालका भोटेकोशी बाढीपीडितको राहत तथा पुनर्स्थापनाका लागि १ करोड ८४ लाख रुपैयाँभन्दा बढी सहयोग गरेको छ ।

न्यूह्याम्पसायर नेपाली समाजको अगुवाइमा सञ्चालन गरिएको राहत संकलन अभियानमार्फत १ लाख २० हजार अमेरिकी डलरभन्दा बढी रकम संकलन गरी प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा प्रदान गरिएको हो ।

समाजका अध्यक्ष लाक्पा शेर्पा नेतृत्वको प्रतिनिधिमण्डलले संयुक्त राष्ट्रसंघको महासभामा सहभागी हुन न्यूयोर्क आएका नेपालका परराष्ट्रमन्त्री शिशिर खनाललाई न्यूयोर्कस्थित नेपाली महावाणिज्य दूतावासमा आयोजित एक समारोहबीच उक्त सहयोग रकम औपचारिक रूपमा हस्तान्तरण गरेको हो ।

समारोहलाई सम्बोधन गर्दै परराष्ट्रमन्त्री खनालले भोटेकोशी बाढीपछिको विपदमा सहयोग गर्ने नेपाली अमेरिकी समुदाय, विदेशमा बसोबास गर्ने नेपाली तथा नेपालप्रति सद्भाव राख्ने सबैप्रति धन्यवाद व्यक्त गरे ।समाजका अध्यक्ष लाक्पा शेर्पाले अभियानमा सहयोग गर्ने सम्पूर्ण व्यक्ति, परिवार, व्यवसायी, संघसंस्था तथा स्वयंसेवकप्रति आभार व्यक्त गर्दै बाढीपीडित परिवारले यथाशीघ्र राहत तथा पुनर्स्थापनाको अवसर पाउनुपर्नेमा जोड दिए ।

समाजका उपाध्यक्ष माधव गुरुङले संस्थागत तथा समन्वयात्मक प्रयासमार्फत सहयोग संकलन गर्दा पीडितलाई आर्थिक सहयोग पुग्नुका साथै समुदायको एकता र ऐक्यबद्धताको सशक्त सन्देशसमेत जाने विश्वासका साथ अभियान सुरु गरिएको बताए । कार्यक्रममा परराष्ट्र सचिव अमृतकुमार राई, न्यूयोर्कस्थित नेपाली महावाणिज्यदूत दधिराम भण्डारी, न्यूह्याम्पसायर नेपाली समाजका महासचिव प्रभात भट्टराई, कोषाध्यक्ष भेषराज शर्मा, सचिव शेखर राई तथा गैरआवासीय नेपाली संघ, न्यूह्याम्पसायर शाखाका अध्यक्ष रोशन गुरुङलगायत समुदायका प्रतिनिधि तथा शुभेच्छुकहरूको उपस्थिति रहेको थियो ।

यस अभियानअन्तर्गत न्यूह्याम्पसायर दिदीबहिनी समूहले हरितालिका तीज कार्यक्रमका लागि संकलन गरेको करिब १५ हजार अमेरिकी डलर बाढीपीडितको सहयोगका लागि प्रदान गरेको थियो । नेपालमा विपत्ति र शोकको अवस्था रहेकाले ऐक्यबद्धता जनाउँदै समूहले तीज कार्यक्रमसमेत स्थगित गरेको थियो ।

राहत संकलन अभियानमा विभिन्न व्यवसायी, परिवार तथा सामुदायिक संघसंस्थाले उल्लेखनीय सहयोग गरेका थिए ।

न्यूह्याम्पसायर समिट, सनसाइन कम्युनिटी केयर, भिजन फर इन्डिपेन्डेन्स, होम फर बटरफ्लाइज, न्यूह्याम्पसायर हिमालयन परिवार तथा न्यूह्याम्पसायर गुरुङ समाजलगायतका संस्था तथा समूहले अभियानमा महत्वपूर्ण भूमिका खेलेका थिए ।

### ५५ आवासीय चिकित्सक आन्दोलनमा

# नेशनल मेडिकल कलेजमा दुई सातादेखि पीजी अध्ययन–अध्यापन ठप्प




काठमाडौं- वीरगञ्जस्थित नेशनल मेडिकल कलेज तथा शिक्षण अस्पतालको स्नातकोत्तर तह (पीजी) को अध्ययन-अध्यापन दुई सातादेखि प्रभावित भएको छ । आवासीय चिकित्सक र कलेज सञ्चालकबीच मागका विषयमा सहमति हुन नसक्दा अध्ययन-अध्यापनसहित क्लिनिकल गतिविधि रोकिएको हो ।

दैनिक ३६ घण्टासम्म ड्युटी लगाउने, अनावश्यक रूपमा हाजिरी काट्ने तथा विभिन्न बहानामा कारबाही गर्ने गरेको आरोप लगाउँदै पीजी पहिलो वर्षका ५५ जना आवासीय चिकित्सक भदौ ३१ गतेदेखि आन्दोलनमा छन् । आन्दोलन सुरु भएपछि कलेजले स्नातकोत्तर तह प्रथम वर्षका आवासीय चिकित्सकको कक्षा, शैक्षिक गतिविधि, क्लिनिकल पोस्टिङ, विभागीय प्रशिक्षण, वार्ड तथा इमर्जेन्सी ड्युटीलगायत सम्पूर्ण प्रशिक्षण गतिविधि अर्को सूचना जारी नभएसम्मका लागि स्थगित गरेको जनाएको छ ।

कलेजले आन्दोलनरत आवासीय चिकित्सकका गतिविधिका कारण शैक्षिक तथा क्लिनिकल वातावरण प्रभावित भएको भन्दै उनीहरूलाई फिर्ता बोलाउन त्रिभुवन विश्वविद्यालयअन्तर्गतको चिकित्सा शास्त्र अध्ययन संस्थान (आईओएम) लाई पत्रसमेत पठाएको छ ।

यसअघि मेडिकल कलेजले आन्दोलनरत आवासीय चिकित्सकलाई होस्टल छाड्न निर्देशन दिएको थियो । चौतर्फी विरोध भएपछि कलेज उक्त निर्णयबाट पछि हटेको थियो ।

आवासीय चिकित्सकहरूले आफूहरूमाथि गरिएको कारबाही फिर्ता गर्न'पर्ने, ड्युटी समय व्यवस्थित गर्न'पर्ने, अनावश्यक रूपमा हाजिरी काट्न नपाइने तथा तोकिएको निर्वाह भत्ता समयमै उपलब्ध गराउनुपर्नेलगायत माग राखेका छन् ।

माग सम्बोधनका लागि पहिलो, दोस्रो र तेस्रो वर्षका आवासीय चिकित्सकले भदौ २९ गते कलेजका प्रिन्सिपलको कार्यालयमा पत्र बुझाएका थिए । माग पूरा नभएपछि भदौ ३१ गतेदेखि धर्ना सुरु गरिएको आन्दोलनरत एक आवासीय चिकित्सकले बताएका छन् ।

उनका अनुसार असोज ३ गते कलेज प्रशासनले वार्ताका लागि बोलाए पनि माग सम्बोधनका विषयमा ठोस पहल नभएको र आफूहरूलाई धम्क्याइएको थियो ।

अध्ययन-अध्यापन लामो समयदेखि रोकिँदा आवासीय चिकित्सकहरू आफ्नो शैक्षिक तथा व्यावसायिक प्रशिक्षण प्रभावित भएको भन्दै चिन्तित छन् । दुई सातादेखि कलेजमा उत्पन्न विवाद समाधान नहुँदा पीजी तहको शैक्षिक तथा क्लिनिकल गतिविधि अन्योलमा परेको छ ।

# कालीगण्डकीमा विद्युत् उत्पादन सुरु गर्ने तयारी



स्याङ्जा- कालीगण्डकी-५ बेल्टारीस्थित कालीगण्डकी 'ए' जलविद्युत् आयोजनाले आजदेखि विद्युत् उत्पादन पुनः सञ्चालन गर्ने भएको छ । चार दिनदेखि लगातार परेको वर्षाका कारण कालीगण्डकी नदीमा पानीको बहाव उच्च भएसँगै आयोजना बन्द गरिएको थियो ।

विद्युत् उत्पादन सुरु गर्न लागिएको कालीगण्डकी 'ए' जलविद्युत् केन्द्रका प्रमुख आत्मेस पौडेलले जानकारी दिए । कालीगण्डकी नदीमा पानीको उच्च बहाव भएकाले जोखिम हुन नदिनका लागि उत्पादन नै बन्द गरेका हौँ,' उनले भने, 'अहिले नदीमा पानीको सतह घट्दै गएकाले अब सुरुङभित्र रहेको हिलो हटाउने र पावर हाउसको अवस्था निरीक्षण गरेर सुचारु गर्ने तयारी गरेका छौँ ।'

प्राविधिक टोलीले बाढीपछिको अवस्थाबारे निरीक्षण गरेकाले आज बिहान १० बजेदेखि उत्पादन सुरु गर्न सकिने भएको उनले बताए । कालीगण्डकी नदीमा बाढी आएपछि मिर्मीस्थित बाँधका सबै ढोका खोलेर पानी नदीमा फालिएको थियो । आयोजनाबाट १४४ मेगावाट विद्युत् उत्पादन हुने गरेको छ । चार दिनदेखि परेको अविरल वर्षाका कारण स्याङ्जा, पर्वत र गुल्मीको सङ्गमस्थल सेतीवेणी बजार डुबानमा परेको छ । सेतीवेणी बजारका २६ घरका मानिसलाई नजिकैको विद्यालयमा राखिएको छ ।

यसैगरी, आयोजनाको बाँधस्थलभन्दा केही तल रहेको स्याङ्जा र गुल्मी जोड्ने मोटरेबल पुल कालीगण्डकी नदीमा आएको बाढीले आइतबार बिहान बगाएर लगेको थियो ।

## रामेछाप डायरी

# रामेछाप सांस्कृतिक कलाकार समाजको प्रथम भेला तथा बिदाइ कार्यक्रम सम्पन्न



काठमाडौं- रामेछाप सांस्कृतिक कलाकार समाज, उपत्यका समन्वय समितिको प्रथम भेला तथा पूर्व उपत्यका समन्वय समितिका अध्यक्ष नवीन गौतमको बिदाइ कार्यक्रम सम्पन्न भएको छ ।

नवनिर्वाचित उपत्यका समन्वय समितिका अध्यक्ष विनोद कार्कीको सभापतित्व तथा रामेछाप सांस्कृतिक समाजका अध्यक्ष उत्तम पौडेलको प्रमुख आतिथ्यमा कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रममा काठमाडौंमा रहेर कलाकारिता क्षेत्रमा सक्रिय रामेछापका कलाकारहरूको सहभागिता रहेको थियो । सहभागीहरूले रामेछापको कला, संस्कृति तथा सांस्कृतिक क्षेत्रको विकास र प्रवर्द्धनका लागि गर्न सकिने विभिन्न गतिविधिबारे छलफल गरेका थिए । कार्यक्रममा निवर्तमान उपत्यका समन्वय समितिका अध्यक्ष नवीन गौतमले आफ्नो दुईवर्षे कार्यकालका अनुभवहरू सुनाउँदै नयाँ नेतृत्वलाई सफल कार्यकालको शुभकामना दिए । उनले वर्तमान अध्यक्ष तथा समितिलाई आवश्यक सहयोग र सहकार्य गर्ने प्रतिबद्धतासमेत व्यक्त गरे ।

समितिका वर्तमान उपाध्यक्ष शिव सागर खड्का, सचिव रामचन्द्र खड्का, सहसचिव राम खड्का, कोषाध्यक्ष नवीन घिमिरे, सदस्य एमुना कार्कीलगायत रामेछापका विभिन्न कलाकारहरूको कार्यक्रममा उपस्थिति रहेको थियो ।

भेलाले काठमाडौंमा रहेका रामेछापका कलाकारहरूबीच आपसी एकता, सहकार्य र समन्वयलाई थप मजबुत बनाउँदै जिल्लाको कला तथा संस्कृतिको संरक्षण र प्रवर्द्धनमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

# नेपाल औषधि व्यवसायी संघ रामेछापको अध्यक्षमा मदन भौकाजी चयन




काठमाडौं- नेपाल औषधि व्यवसायी संघ रामेछापको अध्यक्षमा मदन भौकाजी चयन भएका छन् ।

मन्थलीमा भएको छैठौं वार्षिक साधारण सभा तथा तेस्रो अधिवेशनबाट भौकाजी सर्वसम्मत अध्यक्षमा चयन भएका हुन् भने उपाध्यक्ष मोहन कुमार श्रेष्ठ, महासचिव विक्रम कुमार श्रेष्ठ, कोषाध्यक्ष कोमल प्रसाद कोईराला र सदस्यमा अम्बर योन्जन चयन भएका हुन् । संघका रामेछाप-दोलखा जिल्लाका अध्यक्ष जीवनकुमार श्रेष्ठको अध्यक्षता तथा मन्थली नगरपालिका प्रमुख लव श्रेष्ठको प्रमुख आतिथ्यतामा कार्यक्रम आयोजना गरिएको हो । कार्यक्रममा नेपाल औषधि व्यवसायी संघ बाग्मती प्रदेशका अध्यक्ष ध्र'ब नारायण श्रेष्ठको पनि उपस्थिती रहेको थियो । कार्यक्रममा दुई जिल्लाका औषधि व्यवसायी, संघका पदाधिकारी तथा प्रतिनिधिहरूको सहभागिता रहेको थियो । नयाँ कार्यसमितिले जिल्लामा औषधि व्यवसायको व्यवस्थापन, व्यवसायीको हकहित तथा औषधिको गुणस्तरीय सेवा प्रवाहका क्षेत्रमा काम गर्ने छ ।

# नेपाल–भारत सीमा सुरक्षा बैठक, संयुक्त गस्ती र सूचना आदानप्रदानमा जोड



काठमाडौं- नेपाल-भारत सीमा क्षेत्रमा सुरक्षा व्यवस्था थप सुदृढ बनाउन तथा सीमापार अपराध नियन्त्रण गर्ने उद्देश्यले सशस्त्र प्रहरी बल (एपीएफ) नेपाल र भारतको सशस्त्र सीमा बल (एसएसबी) बीच जोगबनीस्थित सीमा नियन्त्रण चौकी (बीसीपी) मा समन्वय बैठक बसेको छ ।

भारतको ५६औँ वाहिनी सशस्त्र सीमा बल बथनाहाअन्तर्गत एफ समवाय जोगबनीको बीसीपी गेटमा आयोजित बैठकको अध्यक्षता ५६औँ वाहिनीका द्वितीय कमान अधिकारी नितिन कुमार गुप्ताले गरेका थिए । नेपाली टोलीको नेतृत्व सशस्त्र प्रहरी बल मोरङका प्रमुख एसपी गेहेन्द्रकुमार भण्डारीले गरेका थिए । बैठकमा नेपाली पक्षबाट डीएसपी सूर्यप्रकाश शर्मा, प्रहरी निरीक्षकद्वय गणेश मल र धीरज मलसहितका सुरक्षाकर्मी तथा भारतीय पक्षबाट द्वितीय कमान अधिकारी प्रवीण कुमार, एफ समवाय प्रभारी निरीक्षक हरेन्द्र सिंहलगायत अधिकारी सहभागी थिए ।

बैठकमा सीमावर्ती क्षेत्रमा शान्ति, सुरक्षा तथा कानुन व्यवस्था कायम राख्न दुवै देशका सुरक्षाकर्मीबीच संयुक्त गस्तीलाई प्रभावकारी बनाउने सहमति भएको छ । सीमापार अपराध, तस्करी तथा आपराधिक गतिविधि नियन्त्रणका लागि आवश्यक सूचना तथा गुप्तचर जानकारी तत्काल आदानप्रदान गर्ने निर्णयसमेत भएको छ ।

जन आकाश
Jana Aakash National Weekly
www.janaakash.com.np

वर्ष -१९, अंक- १०,
२०८३ साल असोज १३ गते मंगलबार
28 September 2026, Tuesday

# एआईआईबीका अध्यक्ष र नेपालका अर्थमन्त्री भेटवार्ता




काठमाडौं- एसियाली पूर्वाधार लगानी बैंक (एआईआईबी) को गभर्नर परिषद्को ११औं वार्षिक बैठकमा सहभागी हुन दोहा पुग्नुभएका अर्थमन्त्री एवं एआईआईबीका लागि नेपालका गभर्नर डा.स्वर्णिम वाग्ले र बैंककी अध्यक्ष जोउ जियायी बीच भेटवार्ता भएको छ।

कतारको राजधानी दोहामा भएको उक्त भेटमा अर्थमन्त्री डा.स्वर्णिम वाग्लेले नेपालमा एआईआईबीको लगानी विस्तार, प्राकृतिक विपदपछिको पुनर्निर्माण तथा सहुलियतपूर्ण वित्तीय पहुँच विस्तार गर्न बैंककी अध्यक्ष जोउ जियायीलाई अर्थमन्त्रीले आग्रह गरेका छन्।

भेटका क्रममा एआईआईबीकी अध्यक्ष जोउले हालै भोटेकोशी नदीमा आएको विनाशकारी बाढीका कारण नेपालले भोग्नुपरेको मानवीय तथा भौतिक क्षतिप्रति गहिरो समवेदना प्रकट गरेकी थिइन्। उनले विपदपछिको उत्थानशील पुनर्निर्माणमा बैंकका तर्फबाट सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाईन। अध्यक्ष जोउले बैंकले प्रोजेक्ट प्रिपरेसन स्पेसलाइस्ड फण्ड मार्फत परियोजना तयारीका लागि अनुदान सहायता उपलब्ध गराउनेछ। साथै, स्पेसलाइस्ड फण्ड विन्डो अन्तर्गतको अनुदान प्रयोग गरी एआईआईबीले नेपाललाई दिने ऋणलाई अधिकतम सहुलियतपूर्ण ब्याजदरमा कायम गर्न सकिने बताइन्। एआईआईबीको संस्थापक सदस्य राष्ट्र नेपालको आर्थिक विकासमा थप सहकार्य गर्दै अगाडि बढ्ने प्रतिबद्धतासमेत उनले दाहोऱ्याइन्।

सो अवसरमा अर्थमन्त्रीले नयाँ अध्यक्ष जोउलाई बधाई दिँदै बैंकले संस्थापक सदस्यका रूपमा नेपाललाई पुऱ्याउँदै आएको सहयोगप्रति आभार व्यक्त गरे। उनले एआईआईबीको लगानीमा हाल सञ्चालनमा रहेका विद्युत् वितरण प्रणाली सुधार तथा विस्तार आयोजना र एक्सप्रेस सडकको अध्ययन कार्य शीघ्र सम्पन्न गर्न गरेका छन्। साथै, बैंकको लगानी रहेको माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजनामा बाढीले पुऱ्याएको क्षतिप्रति उनले दुःख व्यक्त गरे।

अर्थमन्त्री डा.वाग्लेले मध्यमकालीन तथा दीर्घकालीन सहायताअन्तर्गत हरित ऊर्जा, सीमापार विद्युत् प्रसारण लाईन, सडक पूर्वाधार र डिजिटल पूर्वाधारको विकासमा बैंकको आफ्नै स्रोतका साथै अन्य दातृ निकायको स्रोतसमेत परिचालन गरिदिन प्रस्ताव राखे।

छलफलकै क्रममा अर्थमन्त्री डा.वाग्लेले अध्यक्ष जोउलाई सन् २०२६ भित्रै नेपाल भ्रमणका लागि निमन्त्रणासमेत दिएका छन्।

# ओरा ५ ईभीमा २ लाख र जोलियन म्याक्समा ३ लाखसम्म लाभ




काठमाडौं- जिडब्ल्युएम नेपालले दसैं-तिहारलगायत चाडपर्वलाई लक्षित गर्दै 'जिडब्ल्युएम फेस्टिभ अफर-गो विथ मोर' योजना सार्वजनिक गरेको छ।

योजनाअन्तर्गत जिडब्ल्युएमका विद्युतीय एसयूभी ओरा ५ ईभी र हाभल जोलियन म्याक्स ईभी खरिद गर्ने ग्राहकले ३ लाख रुपैयाँसम्मका विभिन्न लाभ प्राप्त गर्न सक्ने कम्पनीले जनाएको छ।

कम्पनीका अनुसार ओरा ५ ईभी खरिदमा २ लाख रुपैयाँसम्म र हाभल जोलियन म्याक्स ईभी खरिदमा ३ लाख रुपैयाँसम्मको लाभ उपलब्ध हुनेछ। अफरअन्तर्गत निःशुल्क कम्प्रिहेन्सिभ इन्स्योरेन्स, सडक दस्तुर, स्पेयर टायर, ७ किलोवाटको चार्जर तथा एसेसरिज समावेश गरिएको छ। साथै, ग्राहकले नगद छुट, आकर्षक एक्सचेन्ज भ्यालु तथा सहज फाइनान्सिङ सुविधा समेत प्राप्त गर्न सक्नेछन्।

कम्पनीले तोकेको नियम तथा सर्तअनुसार यी सुविधा उपलब्ध हुने जनाएको छ।

ओरा ५ आकर्षक डिजाइन, आधुनिक प्रविधि र प्रिमियम विद्युतीय मोबिलिटीका लागि परिचित मोडल भएको कम्पनीको भनाइ छ। प्रविधिमैत्री इन्टेरियर तथा आधुनिक डिजाइन रहेको यस मोडलले नेपाली बजारमा पनि ग्राहकको चासो बढाउँदै आएको कम्पनीले जनाएको छ।

ओरा ५ ले २०२६ टोरोन्टो अटोमोटिभ डिजाइन अवार्ड्स (टीएडीए) अन्तर्गत 'फ्यामिली कार' विधामा बेस्ट इन्टेरियर डिजाइन अवार्ड समेत प्राप्त गरेको कम्पनीले जनाएको छ।

त्यस्तै, हाभल जोलियन म्याक्स ईभीमा आधुनिक एसयूभी डिजाइन, विद्युतीय ड्राइभ र विभिन्न स्मार्ट प्रविधि समावेश गरिएको छ। यो मोडल नाइमा नेपाल मोबिलिटी एक्स्पो २०२६ मार्फत नेपाली बजारमा सार्वजनिक गरिएको थियो।

'गो विथ मोर' अभियानमार्फत गाडी खरिदमा मात्र नभई ग्राहकको समग्र स्वामित्व अनुभवमा थप मूल्य प्रदान गर्ने उद्देश्य रहेको जिडब्ल्युएम नेपालले जनाएको छ। कम्पनीका अनुसार विद्युतीय सवारीप्रति नेपाली उपभोक्ताको बढ्दो आकर्षणलाई ध्यानमा राख्दै आफ्नो ईभी पोर्टफोलियो विस्तार गर्दै आएको छ।

भीजी इम्पेक्स प्रालि जिडब्ल्युएमको नेपालका लागि आधिकारिक आयातकर्ता तथा वितरक हो। अफर काठमाडौं, बुटवल, विराटनगर, चितवन, पोखरा, भक्तपुर र धनगढीस्थित आधिकारिक डिलरमार्फत उपलब्ध हुने कम्पनीले जनाएको छ।

ग्राहकले सम्बन्धित शोरुममा पुगेर अफर, एक्सचेन्ज तथा फाइनान्सिङ सुविधाबारे थप जानकारी लिन सक्नेछन्।

# महालक्ष्मी विकास बैंक र रोटरी इन्टरनेशनल डिस्ट्रिक्ट ३२९२ बीच सम्झौता

काठमाडौं- गुणस्तरीय वित्तीय सेवा प्रदान गर्दै आएको यस महालक्ष्मी विकास बैंक लिमिटेड र रोटरी इन्टरनेशनल डिस्ट्रिक्ट ३२९२-आधारभुत शिक्षा तथा साक्षरता समिति बीच यहीं आश्विन ०९, २०८३ तद्नुसार २५ सेप्टेम्बर, २०२६ गते शिक्षा तथा साक्षरताको क्षेत्रमा सहकार्य गर्ने गरी एक सम्झौता पत्रमा हस्ताक्षर भएको छ।

उक्त सम्झौता अनुसार महालक्ष्मी विकास बैंकले सस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत सामुदायिक तथा सार्वजानिक विद्यालयहरुमा आधारभूत शिक्षा तथा साक्षरता प्रबर्द्धन गर्ने उद्धेश्यका साथ रोटरी क्लबहरु मार्फत सञ्चालन गरिने विभिन्न शैक्षिक तथा पुर्वाधार विकास सम्बन्धी परियोजनाको लागि वित्तीय सहयोग उपलब्ध गराउने छ।




उक्त सहयोग अन्तर्गत सामुदायिक तथा सार्वजानिक विद्यालयहरुमा शौचालय निर्माण तथा सुधार, खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी परियोजना सञ्चालन तथा कम्प्युटर ल्याब स्थपना लगायतका आधारभूत शिक्षा तथा विद्यालयको शैक्षिक वातावरण सुधारमा केन्द्रित परियोजनाहरुको लागि बैंकले सहकार्य गर्नेछ।

महालक्ष्मी विकास बैंकले आफ्नो सस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत शिक्षा, स्वास्थ्य, वातावरण तथा सामाजिक विकासका क्षेत्रमा विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ। यस सहकार्यले विशेषगरी सामुदायिक तथा सार्वजानिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको सिकाई वातावरण, स्वच्छता तथा डिजिटल पहुँचमा सुधार ल्याउन योगदान पुग्ने विश्वास बैंकले लिएको छ।

समाज प्रति आफ्नो दायित्व वहन गर्ने क्रममा बैंकले हालै मात्र भोटेकोशी-त्रिशुली नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकहरुको राहत, उद्धार तथा पुर्नस्थपना कार्यमा सहयोग पुऱ्याउने उद्धेश्यका साथ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा आर्थिक सहयोग गरेको छ।

# यशोदा फुड्स र श्रीराम टोबाको प्रा.लि द्वारा रु. ३ करोड ५१ लाख ५१ हजार बाढी पीडितलाइ सहयोग



काठमाडौं। हालै रसुवाको भोटेकोशी नदीमा आएको बाढी र त्यसले निम्त्याएको ठूलो जनधनको क्षतिको राहत तथा पुनरुत्थानमा सहयोग पुर्याउने उद्देश्यले यशोदा फुड्स प्रा. लि. र श्रीराम टोबाको द्वारा प्रभावित नागरिकहरूको उद्धार, राहत तथा पुनर्स्थापना कार्यमा सघाउन नेपाल सरकारको 'प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष' मा रु. ३ करोड ५१ लाख ५१ हजार (तीन करोड एकाउन्न लाख एकाउन्न हजार रुपैयाँ) आर्थिक सहयोग प्रदान गरेका छन्। उक्त रकम बराबरको चेक ग्रुपका अध्यक्ष कमल किशोर मालपानी र चेयरमेन चुन्न प्रसाद शर्माले संयुक्त रूपमा नेपाल सरकारका अर्थमन्त्री डा. स्वर्णिम वाग्लेलाई हस्तान्तरण गरेका हुन।

यसका साथै, बाढी प्रभावित क्षेत्रहरू रसद्रवा, नुवाकोट र धादिङ लगायतका अति प्रभावित स्थानहरू तथा पीडितहरूलाई राखिएका आश्रयस्थलहरूमा कम्पनीले अत्यावश्यक राहत सामग्रीको रूपमा रु. ३० लाख बराबरको करेन्ट चाउचाउ पठाएर सम्बन्धित निकाय र प्रभावित जनतालाई प्रत्यक्ष रूपमा उक्त चाउचाउहरु वितरण गरेको थियो र आवश्यक परेमा अझै पनि चाउचाउ पठाउन र पिडितलाई सहयोग गर्न तत्पर रहेको कम्पनीले जनाएको छ। साथै, यस विपदको घडीमा आवश्यक पर्ने अन्य कुनै पनि किसिमको सहयोग गर्नका लागि यशोदा ग्रुप इण्डस्ट्रिज प्रा.लि पूर्णरूपमा तयार र प्रतिबद्ध रहेको कुरा कम्पनीले जनाएको छ।

# नेशनल लाईफले दियो उत्कृष्ट अभिकर्तालाई सम्मान

भैरहवा- नेशनल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले आफ्ना उत्कृष्ट अभिकर्ताहरूको सम्मान तथा चेयरपर्सन क्लब सदस्यता वितरण गर्ने उद्देश्यले आयोजना गरेको वार्षिक चेयरपर्सन क्लब कार्यक्रम भैरहवास्थित होटल सिद्धार्थ भिलासामा भव्य रूपमा सम्पन्न भएको छ।

आ.व. २०८२/८३ का लागि निर्धारित लक्ष्य पुरा गरी चेयरपर्सन क्लब कार्यक्रममा छनौट हुनुभएका अभिकर्ताहरू एवं कम्पनीका विभागिय प्रमुख, प्रदेश प्रमुख, शाखा प्रमुख मार्केटिङ कर्मचारीहरु सहित ५६५ जनाको सहभागितामा भैरहवा स्थित होटल सिद्धार्थ भिलासामा दुई रात तीन दिनसम्म सम्पन्न भएको छ। सो कार्यक्रममा, हालै भोटेकोशीमा आएको भीषण बाढी तथा त्यसबाट उत्पन्न प्राकृतिक विपद्का कारण घाईते तथा बिरामी सबैको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै ज्यान गुमाएकाहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण सहित शोक सन्तप्त परिवार प्रति गहिरो समवेदना प्रकट गर्नका लागि १ मीनेट मौनधारण गरि कार्यक्रम शुरुवात गरिएको थियो।

कार्यक्रममा चेयरपर्सन मती प्रेमाराज्य लक्ष्मी सिंहले पानसमा दीप प्रज्वलन गरी चेयरपर्सन क्लब कार्यक्रमको औपचारिक उदघाटन गरेकी थिइन्। समुद्घाटन मन्तव्यको क्रममा उनले कम्पनीको मेरुदण्डको रुपमा कार्यरत अभिकर्ताहरूलाई थप व्यवसायिक र दक्ष बनाउने उदेश्य अनुरुप अभिकर्ताको सीप तथा क्षमता विकास र व्यवसायिकता अभिवृद्धिका लागि कम्पनीले निरन्तर सहयोग र सहकार्य गर्दै जाने साथै अभिकर्ता सञ्जालमा नेतृत्व विकास महत्वपूर्ण रहेको र यसका लागि कम्पनीले यथाशक्य लगानी गर्ने प्रतिबद्धता व्यक्त गरिन। त्यसैगरी कम्पनीका प्रमुख कार्यकारी अधिकृत सुरेश प्रसाद खत्रीले आर्थिक वर्ष २०८२/८३ मा कम्पनीले प्राप्त गरेको ऐतिहसिक व्यवसायिक उपलब्धि नेशनल लाइफ परिवारको सामूहिक सफलता भएको बताएका थिए। उनले नयाँ आर्थिक वर्षको सुरुवातसँगै कम्पनी अझ स्पष्ट लक्ष्य, मापनयोग्य




रणनीति र उच्च पेशागत प्रतिबद्धताका साथ अघि बढिरहेको हुँदा अभिकर्ता सञ्जाललाई थप मजबुत बनाउने र ग्राहक सेवाको गुणस्तर सुधार गर्ने कुरामा कम्पनीले जोड दिएको बताए।

कार्यक्रममा, चेयरपर्सन क्लब सदस्यता वितरण गरिनु का साथै सञ्जाल र आफ्नो कोडको व्यवसायमा नेपालभर प्रथम, द्वितीय र तृतीय तथा समूहगत व्यवसायमा प्रथम हुने अभिकर्ताहरूलाई र सेन्चुरियन क्लब, नेशनल स्टार, नेशनल सुपरस्टार तथा लगातार १० वर्षसम्म चेयरपर्सन क्लबमा छनोट हुन सफल अभिकर्ताहरू लगायत आफ्नो कोड र संजाल व्यवसायमा नेपालभरबाट उत्कृष्ट व्यवसाय गर्ने अभिकर्ताहरुलाई चेयरपर्सन प्रेमाराज्य लक्ष्मी सिंहबाट विशेष सम्मान गरिएको थियो। कार्यक्रममा सहभागि अभिकर्ताहरुलाई दक्ष तथा अनुभवी प्रशिक्षकरुबाट वहाँहरुको ज्ञान, सिप, क्षमता अभिवृद्धि गर्ने उदेश्यले विभिन्न विधाहरुमा प्रशिक्षण प्रदान गरिएको थियो। यसै क्रममा सम्पत्ति शुद्धीकरण सम्बन्धी प्रशिक्षण प्रदान गर्दै नियमनकारी निकाय नेपाल बीमा प्राधिकरणका उपनिर्देशक पदम प्रसाद साडारीले बीमालाई समेत माध्यम बनाएर सम्पत्ति शुद्धीकरण गर्ने गतिविधि बढ्न सक्ने भएकाले शंकास्पद गतिविधिको सुक्ष्म निगरानी, आवश्यक पहिचान तथा प्रचलित कानूनी व्यवस्थाको पालनामा बीमा व्यवसायमा संलग्न सबै पक्ष सचेत र सजग हुनुपर्ने धारणा राखेका थिए। यसै गरी कार्यक्रममा प्रशिक्षक विश्वराज पौडेलले कृत्रिम बुद्धिमत्ता विभिन्न प्रयोगात्मक उदाहरण मार्फत एआई प्रविधिलाई बीमा व्यवसायसँग कसरी जोड्न सकिन्छ भन्नेबारे जानकारी गराउनुका साथै ग्राहकसँगको सम्पर्क, सामग्री निर्माण, व्यवसायिक योजना, सूचना व्यवस्थापन लगायतका क्षेत्रमा एआईको उपयोग गर्न सकिने सम्भावना बारे प्रशिक्षण प्रदान गरेका थिए।

त्यसैगरी अर्का प्रशिक्षक संजोग कोइरालाले अहिलेको समय डिजिटल युग भएकाले डिजिटल माध्यमलाई प्रभावकारी रूपमा प्रयोग गर्न सके बीमा व्यवसाय विस्तारमा ठूलो लाभ लिन सकिने बताए। डिजिटल प्लेटफर्म प्रयोग गर्दा प्रचलित कानुन तथा नियामकीय व्यवस्थाको पूर्ण पालना गरी सत्यतथ्य सूचना तथा स्वीकृत सामग्री मात्र सार्वजनिक गर्न'पर्ने, भ्रामक समाचार, गलत सूचना वा गलत भाष्य सिर्जना गर्ने कार्यबाट कानुनी जटिलता उत्पन्न हुन सक्ने तर्फ विशेष सजग रहनु पर्ने बताएका थिए।

विजयी अभिकर्ताहरुले चेयरपर्सन क्लबमा छनौट हुनका लागि वर्षभर निरन्तर मेहनत, अनुशासन, उत्कृष्ट व्यवसायिक प्रदर्शन आवश्यक पर्ने भएकाले यस कार्यक्रममा सहभागी हुनु गौरवको विषय भएको र वर्षभर गरेको मेहनतको परिणाम स्वरूप प्राप्त हुने सम्मानले अभिकर्ताहरुको परिश्रमले सार्थकता पाएको अनुभूति हुने बताएका थिए।

जनआकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
www.janaakash.com.np



खेलकुद

# प्रधानसेनापति ट्रफी सुरु



काठमाडौं- नेपाली सेनामा 'प्रधानसेनापति ट्रफी' सुरु भएको छ । सोमबार प्रधानसेनापति अशोकराज सिग्देलले लखनखेलस्थित खेल मैदानमा प्रधानसेनापति ट्रफी २०८३ को शुभारम्भ गरेका हुन् ।

नेपाली सेनाभित्र रहेको प्रतिभावना खेलाडीहरूको पहिचान गरी उनीहरूको सीप विकास गर्दै राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका खेलाडीहरू तयार पार्ने यसेको उद्देश्य रहेको बताइन्छ ।

यो ट्रफी २०६५ सालदेखि सुरु भएको हो ।

एथलेटिक्स, स्वीमिङ, बक्सिङ, तेक्वान्दो, भलिबल, बास्केटबल, फुटबल र जुडो गरी ८ वटा विधा समावेश गरी सञ्चालन भएको यो प्रतियोगितामा पृतना तथा बाहिनीका १४ वटा टिमहरू सहभागी छन् ।

सोमबार सम्पन्न भएको ५ किलोमिटर दौडमा महिलातर्फ मध्य पूर्वी पृतनाका प्युठ निर्मला केसी र पुरुषतर्फ उत्तर पश्चिम पृतनाका सिपाही अर्जुन बुढा प्रथम भए ।

# बाढीपहिरोले ४९७ मेगावाट विद्युत उत्पादन बन्द, प्रसारण लाइनमा समेत क्षति

काठमाडौं । अविरल वर्षा, हावाहुरी, बाढीपहिरो र चट्याङका कारण देशका विभिन्न स्थानमा विद्युत प्रसारण तथा वितरणका संरचनामा क्षति पुगेको छ । क्षतिका कारण करिब ४९७ मेगावाट क्षमताका १० वटा जलविद्युत आयोजनाको उत्पादन बन्द भएको नेपाल विद्युत प्राधिकरणले जनाएको छ ।

प्राधिकरणका अनुसार बाढी तथा पहिरोका कारण १४० मेगावाटको कालीगण्डकी, २५ मेगावाटको माथिल्लो मादी, ४४ मेगावाटको सुपर मादी, २० मेगावाटको नामार्जुन मादी, ४० मेगावाटको सेती नदी, २५ मेगावाटको अपर दोर्दी, ५० मेगावाटको माथिल्लो मर्स्याङ्दी, ७० मेगावाटको मध्यमर्स्याङ्दी, ६९ मेगावाटको मर्स्याङ्दी र १४ मेगावाटको मोदी जलविद्युत आयोजनाको उत्पादन बन्द भएको हो ।




नदी तथा खोलामा आएको बाढीका कारण विभिन्न जलविद्युत आयोजनाको उत्पादन प्रभावित भएको प्राधिकरणले जनाएको छ । यसैबीच, कालीगण्डकी करिडोर २२० केभी प्रसारण लाइनअन्तर्गत म्याग्दीको दानादेखि पर्वतको कुश्मासम्मको खण्डमा टावर नम्बर २१ र २२ मा क्षति पुगेको छ । त्यस्तै, कालीगण्डकी करिडोरअन्तर्गत कुश्मा-नयाँबुटवल खण्डको प्रसारण लाइनमा समेत समस्या आएको प्राधिकरणले जनाएको छ ।

उक्त करिडोर प्रसारण लाइनमा जोडिएका आयोजनाबाट मात्रै करिब २०० मेगावाट विद्युत उत्पादन प्रभावित भएको छ ।

क्षतिको प्रारम्भिक विवरण संकलन, विद्युत आपूर्ति अवरुद्ध भएका क्षेत्रको पहिचान, वैकल्पिक माध्यमबाट आपूर्ति सञ्चालन तथा क्षतिग्रस्त संरचनाको तत्काल मर्मतका लागि प्राविधिक तथा मर्मत टोली प्रभावित क्षेत्रमा परिचालन गरिएको प्राधिकरणका कार्यकारी निर्देशक दीर्घायु कुमार श्रेष्ठले बताएका छन् ।

विद्युत आपूर्ति अवरुद्ध भएका स्थानमा सम्भव भएसम्म वैकल्पिक फिडर तथा उपलब्ध प्रसारण र वितरण संरचनामार्फत विद्युत आपूर्ति सुरु गर्ने व्यवस्था मिलाइएको उनले बताए ।

क्षतिग्रस्त संरचनाको अवस्था मूल्यांकन गरी आवश्यक उपकरण, सामग्री र जनशक्ति परिचालन गरेर विद्युत आपूर्ति क्रमशः पुनःस्थापना गर्ने काम भइरहेको प्राधिकरणले जनाएको छ ।

भारी वर्षा, बाढीपहिरो र सडक अवरुद्ध भएका कारण कतिपय प्रभावित क्षेत्रमा प्राविधिक टोली पुग्न कठिनाइ भइरहेको छ । सडक तथा पहुँचमार्ग खुलेबित्तिकै थप प्राविधिक टोली र आवश्यक उपकरण परिचालन गरी क्षतिग्रस्त संरचनाको मर्मत तथा विद्युत आपूर्ति पुनःस्थापनाको काम तीव्र बनाइने श्रेष्ठले बताएका छन् ।

# पार्टी एक नभएसम्म कुनै पक्षको महाधिवेशनमा सहभागी हुन्न : शेर्पा



काठमाडौं- नेपाल विद्यार्थी संघ (नेविसंघ)का पूर्वअध्यक्ष दुजाङ शेर्पाले नेपाली कांग्रेस एक नभएसम्म कुनै पनि पक्षले आयोजना गर्ने महाधिवेशनमा सहभागी नहुने बताएका छन् ।

कांग्रेसमा संस्थापन र इतर पक्षले छुट्टाछुट्टै महाधिवेशन गर्ने तयारी गरिरहेका बेला शेर्पाले आफू कुनै पनि पक्षको महाधिवेशनमा सहभागी नहुने बताएका हुन् । सेतोपाटीसँगको कुराकानीमा शेर्पाले भने, 'म कुनै महाधिवेशनमा सहभागी हुन्न । बरु पार्टी एकताका लागि आफ्नो ठाउँबाट पहल गरिराख्छु ।'

सभापति गगन थापा पक्षले असोज १६ देखि १९ गतेसम्म १५औं महाधिवेशन गर्ने तयारी गरेको छ भने निवर्तमान सभापति शेरबहादुर देउवा पक्षले मंसिर २१ देखि २३ गतेसम्म समानान्तर महाधिवेशन गर्ने तयारी गरेको छ ।

महाधिवेशन पार्टीलाई वैधानिक र लोकतान्त्रिक रूपमा बलियो बनाउने अवसर हुनुपर्ने भन्दै शेर्पाले यसलाई पार्टी विभाजनलाई संस्थागत गर्ने माध्यम बनाउन नहुने बताएका छन् ।

'महाधिवेशन पार्टीलाई वैधानिक र लोकतान्त्रिक रूपमा बलियो बनाउने महाउत्सव हुनुपर्ने हो । विभाजनलाई संस्थागत गर्ने माध्यम होइन, हुनुहुँदैन,' उनले भने । शेर्पालाई तत्कालीन सभापति शेरबहादुर देउवाले नेविसंघको महाधिवेशन गराउने जिम्मेवारीसहित तदर्थ समिति अध्यक्ष बनाएका थिए । तर, उनको कार्यकालमा नेविसंघको महाधिवेशन हुन सकेको थिएन ।

# प्रदेश सरकारको पहिलो प्राथमिकता बाढीपछिको पुनर्स्थापना र पुनर्निर्माण : मुख्यमन्त्री थापामगर



प्रदेश सरकारको पहिलो प्राथमिकता बाढीपछिको पुनर्स्थापना र पुनर्निर्माण : मुख्यमन्त्री थापामगर

भक्तपुर । बागमती प्रदेश सरकारका मुख्यमन्त्री किरण थापामगरले भोटेकोशी बाढीपीडितको पुनर्स्थापना र प्रभावित क्षेत्रमा पुनर्निर्माण पहिलो प्राथमिकता रहेको बताएका छन् । उनले बाढी प्रभावित क्षेत्रलाई पुरानै अवस्थामा फर्काउन पूर्वाधार निर्माणलाई प्रदेश सरकारले पहिलो प्राथमिकतामा राखेको बताएका हुन् ।

भक्तपुर उद्योग वाणिज्य सङ्घद्वारा वस्तु तथा सेवा निर्यात गर्ने उद्योगी, कार्गो व्यवसायी, निर्यातकर्तालगायत सरोकार भएका निकायसँग आयोजित छलफल कार्यक्रममा मुख्यमन्त्री थापामगरले सङ्घ सरकार, प्रदेश सरकार, स्थानीय तह र निजी क्षेत्रबीच समन्वय तथा सहकार्य गरेर पुनर्स्थापना र पुनर्निर्माण अघि बढाउने बताए ।

बागमती प्रदेश सरकारले प्रभावित क्षेत्रमा पुगेर सुरुवाती चरणमा उद्धार कार्यसँगै खाद्यान्नलगायत राहत वितरण गरेको र अहिले पुनर्स्थापना र पुनर्निर्माणमा लागिपरेको मुख्यमन्त्री थापामगरले बताए ।

राज्य एक्लैले चाहेर मात्र बाढी प्रभावित क्षेत्रमा सबै काम गर्न नसक्ने भन्दै उनले सहकार्यका लागि निजी क्षेत्रलगायत विभिन्न सङ्घ संस्थासँग छलफल गरिरहेको बताए । कार्यक्रमपछि जिल्लाको आधुनिक एवं व्यावसायिक कृषि, दिगो पर्यटन र निर्यातमुखी हस्तकला, औद्योगिक तथा व्यावसायिक विकास लागि सङ्घको तर्फबाट १३ बुँदे माग एवं सुझावसहितको पत्रसमेत मुख्यमन्त्री थापालाई हस्तान्तरण गरिएको थियो ।

# चोलेन्द्रको पक्राउ विधि र कानुनको उपहास : थेबे



काठमाडौं । नेकपा एमालेका सांसद क्षितिज थेबेले पूर्वप्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराको नियन्त्रण शैलीप्रति आपत्ति जनाएका छन् ।

सोमबार संसद् भवन परिसरमा सञ्चारकर्मीसँग कुरा गर्दै उनले विधि र प्रक्रिया मिचेर गरिएको धरपकडले सुशासन कायम नहुने र यसले सरकारको अधिनायकवादी चरित्र देखाउने जिकिर गरे ।

सांसद थेबेले पूर्वप्रधानन्यायाधीशलाई प्रहरीले ससम्मान नियन्त्रणमा लिनुपर्नेमा राज्यले नै अपहरणको शैली अपनाएको दाबी गरे ।

'प्रहरी नै थियो भने वर्दी हुन्थ्यो, तर यहाँ त राज्यकै नाममा गुण्डागर्दी गरियो । यो विधि र कानुनको उपहास हो,' उनले भने ।

उनले सरकारको यस किसिमको गतिविधिले जनतामा त्रास फैलाउने काम मात्र गरेको भन्दै सरकार स्वयं 'धामी र भाँक्री' दुवै बनेर अराजकता मच्चाउन उद्यत रहेको आरोप लगाए ।

सरकार केवल सामाजिक सञ्जालमा कन्टेन्ट बनाउन र प्रचारबाजीमा व्यस्त रहेको तर पुनर्निर्माणको काम ठप्प भएको गुनासो गरे । देशको पछिल्लो अवस्थाबारे चिन्ता व्यक्त गर्दै थेबेले प्राकृतिक विपद्को सामना गर्न सरकार विफल भएको बताए ।

'क्लाइमेट जस्तिसका विषयमा सरकार गम्भीर हुनुपर्नेमा प्रधानमन्त्री भने जवाफ दिनबाट पन्छिँदै आउनुभएको छ । ग्यास अभाव र महङ्गीले जनताको ढाड सेकेको छ, तर सरकार जवाफदेही छैन,' उनले भने ।

आर्थिक संकट र महङ्गीको विषय उठाउँदै उनले मुद्रास्फीति (इन्फ्लेसन) दर १.४ प्रतिशतबाट ५.५५ प्रतिशत पुग्दा पनि सरकार मूकदर्शक बनेको आरोप लगाए ।

# सुकेटार विमानस्थलमा साढे तीन महिनापछि हवाई उडान



ताप्लेजुङ । ताप्लेजुङको सुकेटार विमानस्थलमा साढे तीन महिनापछि नियमित रुपमा हवाई उडान सुरु भएको छ ।

मौसम खराबीलगायतका कारण देखाउँदै गत जेठ २२ गतेदेखि उडान हुन नसकेको विमानस्थलमा नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) को ट्विनअटर जहाजले सोमबारदेखि नियमित उडान सुरु गरेको हो ।

काठमाडौंबाट १३ यात्रु लिएर सुकेटार आएको जहाजले पाँच यात्रु लिएर काठमाडौं फर्किएको सुकेटार विमानस्थलका एयर ट्राफिक कन्ट्रोलर दिलीप राजवंशीले जानकारी दिए ।

यसअघि साताको सोमबार, बुधबार र शुक्रबार उडान हुँदै आएकामा नयाँ तालिकाअनुसार यही असोज १५ गतेदेखि साताको सोमबार, बिहीबार र शनिबार उडान हुने जनाइएको छ ।

काठमाडौं-ताप्लेजुङ हवाई भाडा दर १२ हजार २७० रुपैयाँ र ताप्लेजुङ-काठमाडौं भाडा दर १२ हजार ७० रुपैयाँ कायम गरिएको छ ।

पर्यटकीय गतिविधिका दृष्टिले महत्वपूर्ण मानिने ताप्लेजुङमा नियमित हवाई सेवा सञ्चालनमा विभिन्न समस्या देखिँदै आएको छ । जहाजको अभाव, इन्डिकेसनलगायत प्राविधिक समस्या तथा कतिपय अवस्थामा यात्रु अभावका कारण उडान नियमित हुन नसकेको बताइएको छ ।

नियमित उडान नहुँदा हवाई सेवामा निर्भर यात्रु तथा जिल्लामा आउने पर्यटकलाई समस्या हुने गरेको छ ।

पाथीभरा, कञ्चनजङ्घालगायत पर्यटकीय क्षेत्रमा आउने पर्यटक तथा सर्वसाधारण नियमित उडान नहुँदा सहज यात्राबाट वञ्चित छन् ।

नियमित उडानका लागि निजी क्षेत्रका हवाई सेवा कम्पनीलाई वातावरण बनाउन सम्बन्धित पक्षले ध्यान दिनुपर्ने आवश्यकता देखिएको स्थानीय बताउँछन् ।

# सरकार अराजक ढंगले चल्नथाल्यो, शुभ संकेत छैन : भीष्मराज आङ्देम्बे

पाँचथर । प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले सरकार अराजक ढंगले चलेको आरोप लगाएका छन् ।

सोमबार पाँचथरमा कांग्रेसको क्षेत्रीय अधिवेशनमा बोल्दै उनले सरकारका अराजक गतिविधिका कारण देशमा शुभ संकेत नदेखिएको पनि बताएका हुन् ।

'सरकार लोकतन्त्रको सामान्य मर्मलाई पनि नरुचाएर सरकार अराजक ढंगबाट चलेर राम्रो संकेत दिएको छैन,' आङ्देम्बेले भने ।

उनले पूर्वप्रधानन्यायाधीश चोलेन्द्रशमशेर राणाको पक्राउको विषयमा पनि प्रश्न उठाए । 'राति पक्रेर किन लग्यो भन्ने थाहा छैन । मानव अधिकार आयोगका प्रतिनिधिलाई भेट्न दिइएन,' उनले भने, 'कुनैपनि क्रियाकलापलाई सरकारले पारदर्शी बनाउन चाहँदैन ।'

सरकारका गतिविधि पूरै केटाकेटीका खेल जस्तो देखिएको उनले बताए । 'जसरी पक्राउ गरिएको छ, छोडिएको छ । यो केटाकेटीको खेल भयो । उनको कमजोरी कानुनले केलाउला । तर, पक्राउ गर्ने पनि तरिका होला,'



उनले भने । प्रहरी पनि आदेश पालक जस्तो मात्रै देखिएको आङ्देम्बेले आरोप लगाए । उनले भने, 'खुरुखुरु गएर ल्याएको छ । बर्दीधारी हुनुको एउटा नैतिकता प्रहरीले पनि कायम गर्न सकेको छैन ।'

# प्रतिनिधिसभामा मन्त्रालयको नाम परिवर्तनसम्बन्धी विधेयक पेश

काठमाडौं । महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयको नाम परिवर्तनसम्बन्धी विधेयक प्रतिनिधिसभामा पेश भएको छ ।

सोमवारको बैठकमा महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षामन्त्री सीता वादीले मन्त्रालयको नाम परिवर्तनसम्बन्धी 'नेपाल ऐन संशोधन गर्ने विधेयक-२०८३' प्रस्तुत गरेकी हुन् । मन्त्रालयको नाममा थप समावेशी पहिचान जोड्न आवश्यक रहेको भन्दै विधेयक पेश गरेकी हुन् ।

नेपाल सरकार कार्य विभाजन नियमावली, २०८३ बमोजिम मन्त्रालयको कार्यक्षेत्रलाई थप स्पष्ट पार्न र विद्यमान ऐनहरूमा मन्त्रालयको नाम परिमार्जन गर्न विधेयक आवश्यक रहेको मन्त्री वादीले उल्लेख गरिन् ।

यसअघि सभामुखले उक्त विधेयक प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावलाई सदनसमक्ष पेश गरेकी थिइन् । सदनमा सो प्रस्तावमाथि प्रतिनिधि सभा नियमावली, २०८३ को नियम १०५ बमोजिम कुनै पनि सांसदबाट विरोधको सूचना प्राप्त नभएपछि सभामुखले विधेयक प्रस्तुत गर्न अनुमति दिएका थिए । ल्लअब मन्त्रालयको नाम 'महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय' रहने गरी कानूनी प्रक्रिया अघि बढेको छ ।

यसअघि यो मन्त्रालयको नाममा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायको स्पष्ट पहिचान थिएन ।

प्रस्तावित विधेयक पारित भएसँगै सम्बन्धित सबै ऐनहरूमा मन्त्रालयको नाम स्वतः परिमार्जित हुनेछ ।

# कोशी टप्पुका दुई पोथी गैंडा भालेको खोजीमा

काठमाडौं- सप्तरी र सुनसरी जिल्लामा फैलिएको कोशी टप्पु बन्यजन्तु आरक्षमा २०८० सालको असोज महिनामा चितवन वन्यजन्तु राष्ट्रिय निकुञ्जबाट स्थानान्तरण गरिएको दुई पोथी गैडाले अहिले भाले खोज्न थालेका छन् । भालेको अभावमा गैंडाको वंश विस्तारमा अवरोध आएको छ ।

पुष्पा र अञ्जली नाम गरेका ती दुई गैंडाको उमेर अहले ६ वर्ष र साढे पाँच वर्षको छ । कोशी टप्पुमा ल्याउदा ४ र साढेतीन वर्षका थिए । अहिले यि दुवै पोथी गैंडा वयस्क हुँदै गएकोले सन्तान उत्पादन गर्ने उमेरको भएका छन् । अहिले भाले खोज्ने उमेर भएकोले कोशी टप्पुमा गैंडाको वंश विस्तारकालागि उपयुक्त स्थान र समय पनि भएको छ । ती दुवै पाथीले भाले गैंडा खोजी गनर्द थालेको उनीहरुको व्यवहारले देखाउन थालेको छ ।

कोशी टप्पु बन्य जन्तु आरक्षका प्रमुख संरक्षण अधिकृत भुपेन्द्रप्रसाद यादवका अनुसार तीन वर्ष अघि चितवन वन्यजन्तु राष्ट्रिय निकुञ्जबाट कोशी टप्पुमा ल्याइएका दुई पोथी गैंडा अहिले ६ र साढेपाँच वर्षका भए । यिनीहरु दुबैको आमा बन्ने समय भएको छ तर भाले नहुँदा आमा बन्नबाट बञ्चित भएका छन् । दुवै पोथी गैडालाई सप्तरीको कञ्चनरुप नगरपालिकामा पर्ने पथरीस्थित कोशी टप्पु वन्यजन्तु आरक्षको सेक्टरमा सुरक्षित बासस्थानमा राखिएको र उनिहरुकोलागि घाँस दानापानी आदि सबै कुराको व्यवस्था गरिएको यादवले बताउनु भयो ।




प्रमुख संरक्षण अधिकृत यादवले भाले गैंडाकालागि कोशी टप्पु वन्यजन्तु आरक्षबाट कृषि वन था पर्यावरण मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागमा माग गरेर पत्राचार गरिएको छ । दुवै पोथी गैंडाको उमेर हाराहारी जस्तो रहेको छ । यो उमेर भनेको प्रजनन प्रक्रियामा अग्रसर हुने उमेर भएकोले र उनीहरुको कृयाकलापले पनि भाले गैंडा खोजेको आभास पाइएको हुँदा माग गरिएको र पर्यटकहरु आकर्षित गर्नकालागि पनि गैंडा चाहिने बताउनु भयो । साँझ बिहान कोशी टप्पुको घाँसे मैदानमा चर्ने र साँझ परेपछि आफ्नो बास स्थानमा फर्कने दुवै पोथी गैंडा हात्तीसँग पनि चर्ने गरेको पाइन्छ । गैडाकालागि नितान्त नयाँ ठाउँ हो कोशी टप्पु । शुरुमा ल्याउँदा दुवै गैंडा केही दिन अलमलिएका थिए तर पछि लयमा आएर अन्य जनावरहरुसँग घुलमिल भएर चर्न थालेको कोशी टप्पु वन्यजन्तु आरक्षकी सूचना अधिकारी प्रतिभा सिवाकोटी बताउनु हुन्छ ।

गैंडाकालागि पथरी सेक्टरमा १६ फिट अग्लो र ८५ फिट लामो वरपरगर्न सक्ने फराकिलो सुरक्षित खोर बनाइएको छ । बिहानदेखि साँझसम्म चरनमा जान्छन र साँझपरेपछि त्यही खोरमा ल्याएर राखिन्छ । तर अहिले भने ती दुवै पोथी गैंडाले खोर भत्काएर बाहिर निस्कने गरेको हुँदा भाले खोजको संकेत दिएको आभास भएको रेन्जर साहले बताए ।

दुवै गैंडा सधैँ सँगै चरनमा जाने गरेको र आफ्नो चरन क्षेत्रभन्दा बाहिर नगएकोले अन्य जनावर वा वस्तीमा गएर मानव वा अन्य भौतिक संरचनामा क्षति नगरेको, चितवनमा जस्तो दुःख नदिएको अवस्था छ । पोथी गैंडा भएकोले शान्त र सौम्य भएर चरनमा गए पनि खोरमा आएर अत्यन्त पोषिलो खानपिनका कारण र उमेरले गर्दा, बैंश चढ्दै गएपछि भालेको खोजी गरेको संकेत देखिएको प्रमुख संरक्षक यादव बताउनु हुन्छ । कोशी टप्पु भनेको पर्यटकीय क्षेत्र पनि भएकोले आरक्षको पथरी सेक्टरबाट त्रियुगा नदी पारी जानकालगि त्रियुगा नदीमा बेलीब्रिज लगाउने योजना रहेको जानकारी दिदैं प्रमुख यादवले बेलिब्रिज लगाएपछि बेलका नपाको ८ नं वडामा रहेको बेल विच रिसोर्ट जान आउन र होमस्टेहरुमा जान आउन पर्यटकहरुलाई सहज हुने बताउनु भयो । यस क्षेत्रमा पर्यटकहरु अर्ना, बदेल गोही चराचुरुङ्गीहरु हेर्न कोशीमा बोटिङ गर्न आउने भएकोले पर्यटकहरुको सुविधाकोलागि पनि बेलिब्रिज आवश्यक रहेको यादवको भनाई रहेको छ ।

मुख्य कार्यालय कोशी प्रदेशको सुनसरी जिल्लाको कोशी गाउँपालिकामा महेन्द्र राजमार्गबाट करिब ३ किलोमिटरभित्र बैरवा गाउँको टप्पुमा रहेको छ । यो आरक्षले कोशी प्रदेशकै उदयपुर जिल्लाको बेलका नगरपालिकाको केही भाग र मधेश प्रदेशको सप्तरी जिल्लाको कञ्चनरुप नगरपालिकको केही भाग ओगटेको छ । अर्नाका अलावा हात्ती, बदेल, मृग, खरायो, स्याल, बाँदर, गोही, वन बिरालो लगायतका विभिन्न जनावर हरुका साथै सयौं प्रजातीका चराचुरुङ्गीहरु पनि पाइन्छन् । चराको राजधानी कै रुपमा रहेको कोशी टप्पु सिमसार क्षेत्रमा चरा हेर्नकै लागि टाढाटाढाबाट हजारौ मानिसहरु आउने गरेका वन्यजन्तु आरक्षका कर्मचारीहरु बताउँछन् ।

**प्रधानमन्त्री बालेन...**

र अकल्पनीय विनाशबारे बोल्छु । ती परिवारबारे जो कहिल्यै घर नफर्कने आफ्ना प्रिजयनलाई पर्खिरहेका छन् । ती समुदायबारे जसले लेदो, ढुङ्गामाटो, पानीभित्र आफ्ना मानिसहरूको खोजी गरिरहेका छन्, जसको शरीर अब कहिल्यै नभेटिन सक्छ । ती पुलहरू, सडकहरू, विद्यालयहरू, घरहरू र जीविकोपार्जनका माध्यमहरू निमेषभरमै बगेर गए । एउटा देशबारे जसले दिगो विकासको लक्ष्य हासिल गर्ने दिशामा निरन्तर प्रगति गरिरहेको थियो त्यसमा अवरोध पुगेको छ ।

४ साताअघि, विश्वले नेपालको हिमाली समुदायहरूमा तीव्रताका साथ आएको विनाशकारी बाढीको भयावह दृश्य देख्यो, जसलाई धेरैले 'हिमालयन सुनामी' भनेका छन् । भोटेकोशी-त्रिशूली विपद् स्थानीय त्रासदी मात्रै थिएन, यो विश्वका लागि एउटा चेतावनी पनि थियो ।

र, म आज तपाईंहरुसँग सोध्छु- के हामीले साँच्चै त्यो चेतावनी सुनेका छौं ?

करिब ३ वर्षअघि, संयुक्त राष्ट्रसंघका महासचिवले हाम्रो सगरमाथा क्षेत्रमा उभिएर नजिकिँदै गरेको जलवायु विपत्तिको भयावह अवस्थाबारे मानवतालाई चेतावनी दिनुभएको थियो । विश्वको छानोबाट आएको त्यो चित्कार बुलन्द रूपमा सुनिएन । हामीले नेपालमा सुन्यौं, हाम्रो समुदायले सुन्यो । विश्वभरका वैज्ञानिकहरूले सुने । उनीहरूले प्रमाणसहित त्यसलाई दोहोऱ्याइरहे ।तर हामी, विश्वका राजनीतिक नेतृत्वहरूले त्यो चेतावनीलाई जोखिममा रहेका मानिसहरूको आवश्यकताअनुसार तीव्र गतिमा कार्यान्वयनमा बदल्न बेवास्ता गऱ्यौं । त्यसको दुःखद् परिणाम हामीले गत महिना भोग्यौं ।

तातिँदै गरेको जलवायुले नाजुक हिमालयको पारिस्थितिक प्रणालीलाई अस्थिर बनाएको छ । हिउँले जमेको माटो पग्लिदा हिमालको भिरालो भूभागमा चिरा परेका छन् । हिमचट्टानसहितको पहिरो, बाढीलगायत शृङ्खलाबद्ध जोखिमहरू बढिरहेका छन् ।

परिणामस्वरुप यस विनाशले नेपाल-चीन सीमाका दुवै भूभागमा ठूलो क्षति पुऱ्यायो । बाढी निरन्तर भारततिर बग्दै गयो । यसले हामीलाई एउटा आधारभूत कुरा बताउँछ । जलवायु परिवर्तनले सीमा चिन्दैन । हिमनदी र बाढी पासपोर्टमा भिसा लगाएर यात्रा गर्दैनन् ।

महामहिमज्यूहरू,

म यहाँ गुनासो गर्न होइन, केही सुझाव साझा गर्न आएको हुँ ।

सर्वप्रथम, विपत्तिपछि नेपाललाई सहयोग गर्न आउने सबैप्रति गहिरो कृतज्ञता व्यक्त गर्दछु । हाम्रा छिमेकी मुलुकहरू भारत र चीनले तत्कालै र खुला हृदयका साथ सहयोग गरे । अन्य मित्रराष्ट्रहरू, संयुक्त राष्ट्रसंघीय प्रणाली, मानवीय सहायता प्रदायक संस्थाहरू, परोपकारी संस्थाहरू तथा विश्वभरका मानिस नेपालसँगै उभिनुभयो । म उहाँहरु सबैलाई नेपालका कृतज्ञ जनताका तर्फबाट धन्यवाद भन्न चाहन्छु ।

नेपाल अहिले पुनःस्थापना र पुनर्निर्माणको विशाल कार्यको सामना गरेको छ । कम्तीमा १ हजार ४ सय जनाको मृत्यु भएको पुष्टि भइसकेको छ भने ६ हजारभन्दा बढी मानिस अझै बेपत्ता हुनुहुन्छ । हाम्रो द्रुत क्षति आकलनअनुसार अब भौतिक पुनःस्थापनाका लागि नेपालको कुल गार्हस्थ उत्पादन (जिडिपी)को १० प्रतिशत आवश्यक छ ।

सन् २०१५ मा नेपालमा गएको गोरखा भूकम्पपछिको पुनर्निर्माणमा जस्तै यसपटक पनि हामी तपाईंहरूको ऐक्यबद्धता र सहयोगको अपेक्षा गर्छौं ।

तर, यो विपद् नेपाल बाहेकका लागि पनि किन अर्थपूर्ण छ भन्ने हामीले बुझ्नुपर्छ । विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा नेपालको योगदान ०.१ प्रतिशतभन्दा कम छ । यो संकट हामीले सिर्जना गरेका होइनौं । तर, यसको ठूलो मूल्य हामीले चुकाइरहेका छौं । हाम्रा हिमनदी खुम्चिँदै गएका छन् । हाम्रा हिमालका भिराला भूभागहरू अस्थिर बन्दै गएका छन् । हाम्रा नदीहरू पूर्वानुमान गर्न नसकिने अवस्थामा पुगेका छन् । प्रत्येक ठूला विपद्ले हामीले वर्षौं लगाएर निर्माण गरेका विकासका पूर्वाधारहरूलाई ध्वस्त बनाउने चेतावनी दिइरहेका छन् । नेपालका लागि जलवायु विपद् मानवीय घटना मात्रै होइन, विकासको सङ्कट पनि हो । यसले सडकहरू, पुलहरू, विद्यालयहरू, घरहरू, खेतीयोग्य जमिन र जीविकोपार्जनका माध्यमलाई क्षति पुऱ्याउँछ । यसले गरिब देशले गरेको नगन्य गल्तीबाट भएको क्षतिको भरपाइका लागि ठूलो ऋण लिन बाध्य बनाउँछ ।

हामी कुनै देश वा महादेशलाई दोष दिन यहाँ आएका होइनौं । हामी जलवायु परिवर्तनलाई अर्को भूराजनीतिक युद्धभूमिमा परिणत गर्न पनि यहाँ आएका होइनौं । हामी यहाँ सबैलाई आफ्नो जिम्मेवारी र ऐक्यबद्धतामा पुनःप्रतिबद्ध हुन आग्रह गर्न आएका हौं ।

जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रारूप महासन्धिमार्फत अन्तर र्‍ाष्ट्रिय समुदायले साझा तर फरक-फरक जिम्मेवारी तथा आ-आफ्नो क्षमताको सिद्धान्तमा पहिले नै सहमति जनाइसकेको छ । जसले ऐतिहासिक रूपमा समस्यामा बढी योगदान गरेका छन् र जोसँग प्रतिक्रिया जनाउने बढी क्षमता छ, उनीहरूले बढी गर्न'पर्छ ।

'जलवायु न्याय' संयुक्त राष्ट्रसंघको दस्तावेजमा सुन्दर वाक्यमा मात्र सीमित हुनुहुँदैन । हाम्रो देशका मानिसहरूलाई बारम्बार विगतको पुनर्निर्माणमा संलग्न गराइनुको साटो आफ्नो भविष्य बनाउने अवसर दिइनुपर्छ ।

महामहिमज्यूहरू,

हिन्दूकुश हिमालय करिब दुई अर्ब मानिसको घर हो । यी पर्वतहरूले नेपालभन्दा धेरै परसम्म रहेका जनसंख्यालाई पानी, पारिस्थितिक प्रणाली, कृषि र जीविकोपार्जन प्रदान गर्छन् । हिमालय पृथ्वीको छेउमा रहेको भूभाग मात्रै होइन, यो पृथ्वीको जीवन-सहयोग प्रणालीको महत्वपूर्ण हिस्सा पनि हो ।

त्यसैले पहिलो आकस्मिक कदमका रूपमा नेपाल, भारत र चीनको नेतृत्वमा हिमालय जलवायु उत्थानशीलता संयन्त्र स्थापना गर्न हामी प्रस्ताव गर्छौं । यस संयन्त्रमार्फत हामी भू-उपग्रहसम्बन्धी तथ्याङ्क र विशेषज्ञता साझा गरौं । जोखिमयुक्त हिमतालहरूको अनुगमन गरौं । संयुक्त पूर्वसूचना प्रणालीलाई सुदृढ बनाऔं । र, जब विपद् आउँछ, सीमापार सहयोगलाई समन्वय गरौं ।

हिमालयलाई छरिएका सूचनाभन्दा अन्तर र्‍ाष्ट्रिय सहयोगको एउटा प्रयोगशाला बनाऔं । नेपाल एउटा अतिकम विकसित देश भएर पनि आफ्नो पारिस्थितिक हिस्साभन्दा धेरै ठूलो वैश्विक भूमिका निर्वाह गरिरहेको छ । हामीले आफ्नो भूभागको करिब आधा हिस्सा ढाक्ने गरी वन क्षेत्र विस्तार गरेका छौं । आफ्ना स्वच्छ ऊर्जाको आवश्यकता पूरा गर्न र बाहिरबाट आएको प्रदूषणको स्रोतलाई विस्थापित गर्न तीव्रगतिमा जलविद्युत् आयोजनाहरू विकास गरिरहेका छौं । युरोपका केही भूभागसँग तुलना गर्न मिल्ने दरमा विद्युतीय सवार ीसाधनहरूको प्रयोगलाई प्रवर्द्धन गरिरहेका छौं । स्थानीय तहमा जलवायु अनुकूलनलाई सुदृढ बनाइरहेका छौं । दोहोरिरहने जलवायु विपद्को सामना गर्न अझ बढी कदम चाल्नेछौं । तर नेपाल एक्लैले विश्वव्यापी शासन व्यवस्थाको असफलताबाट सिर्जित संकटविरुद्ध उत्थानशीलता निर्माण गर्न सक्दैन ।

त्यसैले यस महासभाले यी ६ शब्दलाई ध्यान दिनुपर्छः राहत, पुनःस्थापना ,पुनर्निर्माण र, त्यसैगरी : जिम्मेवारी, क्षतिपूर्ति, उत्थानशीलता पहिला तीनवटा विपद्पछि हामीलाई आवश्यक पर्छन् । पछिल्ला तीनवटा विपद्लाई स्थायी अवस्थाका रूपमा परिणत हुन नदिन हामीलाई आवश्यक पर्छन् । जब जलवायुजन्य विपद्ले गरिब देशको पूर्वाधार नष्ट गर्छ, त्यसको उत्तर अर्को ठूलो ऋण वा टुक्रे अनुदान मात्र हुन सक्दैन ।

हामीलाई विश्वबाट अनुदानमा आधारित पर्याप्त सहयोग आवश्यक छ । क्षति तथा नोक्सानी कोष, विश्वव्यापी वातावरणीय सुविधा र अन्य सम्बन्धित वित्तीय संयन्त्रहरू अझै अपर्याप्त छन् । जलवायु वित्त यस्तो कर्मचारीतन्त्रको जाल बन्नु हुँदैन, जसबाट कमजोर देशहरूले आफूलाई आवश्यक सहयोगका लागि वर्षौंसम्म प्रमाणित गर्न'परोस् । जब घरमा आगो लाग्छ, तब हामी परिवारलाई ५० वटा फाराम भर्न लगाउँदैनौं । हामी काम गर्छौं । जलवायु न्यायको अर्थ पनि यही हुनुपर्छ ।

महामहिमज्यूहरू,

यसले मलाई एउटा ठूलो प्रश्नतर्फ जोड्छ । हामी कस्तो अन्तर्राष्ट्रिय व्यवस्था चाहन्छौं ? संयुक्त राष्ट्रसंघ मानवताले भोगेको भयावह विश्वयुद्धको अनुभवबाट जन्मिएको हो । यसको वाचा सार्वभौमिकता महत्वपूर्ण हुन्छ भन्ने थियो अन्तर्राष्ट्रिय कानुन महत्वपूर्ण हुनेछ । हरेक मानवको गरिमा महत्वपूर्ण हुनेछ । कमजोरहरूले शक्तिशालीहरूले जे निर्णय गर्छन्, त्यो मात्र स्वीकार गर्न'पर्ने छैन । आज त्यो अन्तर्राष्ट्रिय प्रणाली दबाबमा छ । धेरै पटक सैन्य र आर्थिक शक्तिले कसको आवाज सुनिन्छ भन्ने निर्धारण गर्छ । नेपाल निष्पक्ष विश्वव्यापी आर्थिक व्यवस्थामा विश्वास गर्छ ।

सन् १९९४ मा संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमको मानव विकास प्रतिवेदनले 'मानवीय असुरक्षा'को अवधारणा अघि सारेको थियो । यसले सुरक्षालाई भूभागभन्दा मानिससँग र हतियारभन्दा विकाससँग जोडेको थियो । यसले डर र अभावबाट स्वतन्त्रता सुनिश्चित गर्न शान्तिको लाभांश प्रयोग गर्न आह्वान गरेको थियो ।

गत मार्चमा नेपालमा इतिहासकै सबैभन्दा निष्पक्ष र शान्तिपूर्ण निर्वाचन भयो । त्यसबाट निर्वाचित बहुमतको सरकारले त्यसयता धेरै अन्तर्राष्ट्रिय प्रतिकूलताको सामना गर्न'परेको छ । जब नेपालका एक गरिब किसानले यस मनसुनमा आफ्नो खेतमा बीउ छर्न खोज्नुभयो, समयमै मल पाउनुभएन । जब राजमार्गमा कालोपत्र गर्न खोज्यौं, बिटुमिन पाएनौं । जब परिवारले साँझको खाना पकाउन खोज्यो, त्यसबेला खाना पकाउने इन्धन भएन ।

एकातिर हिमनदीहरू पग्लिरहेका छन् र बाली उत्पादन घटिरहेको छ, बिना चेतावनी बाढी आइरहेको छ । अर्कोतिर, विश्वव्यापी आपूर्ति शृंखलाले गरिब मानिसलाई उनीहरूको आफ्नो नियन्त्रणभन्दा बाहिरका कारणका लागि सजाय दिइरहेको छ ।

अन्तरमहादेशीय क्षेप्यास्त्रहरू समयमै पुग्छन् । राइफल र गोलीगठ्ठा सबै अवरोधहरू तोड्दै समयमै सीमा पार गर्छन् । तर नेपालका एक किसानले आवश्यकता परेको समयमा बजार मूल्यमा मल वा इन्धन खरिद गर्न सक्नुहुन्न ।

हामीले यस्तो संसार बनाएका छौं, जहाँ युद्धका लागि आवश्यक सामान आपूर्ति गर्न सजिलो छ तर खाद्यान्नका लागि निकै कठिन छ । यो नेपालको मात्रै दुर्भाग्य होइन । बंगलादेशलाई सोध्नुहोस् । भुटानलाई सोध्नुहोस्।भारतलाईसोध्नुहोस्।माल्दिभ्सलाई सोध्नुहोस् । पाकिस्तानलाई सोध्नुहोस् । श्रीलंकालाई सोध्नुहोस् । हाम्रो क्षेत्रका अन्य कुनै पनि देशलाई सोध्नुहोस् । तपाईंले उस्तै जवाफ पाउनुहुनेछः हामीले नतताएको जलवायुबाट प्रभावित र सुरु नगरेका युद्धबाट फेरि प्रभावित । यसले हामीलाई वर्तमान विश्वव्यापी सहकार्यको व्यवस्थामा देखिएको भन्दा धेरै कुरा बिग्रिएको छ भन्ने स्पष्ट पार्छ ।

महामहिमज्यूहरू,

मलाई भनिएको छ, म यो वर्ष यस महासभालाई सम्बोधन गर्ने सबैभन्दा कान्छो सरकार प्रमुख हुँ । तर, मैले यहाँ यसलाई मुख्य कथा बनाउन आएको होइन । यहाँ यस मञ्चबाट जे-जति कुरा भनिए पनि म एउटा कुरा स्पष्ट रूपमा भनियोस् भन्ने सुनिश्चित गर्न आएको हुँः भुक्तानी गर्न तयार रहेको देशले खरिद गर्न सक्षम हुनुपर्छ र ७२ घण्टाभित्र संसारको जुनसुकै ठाउँमा हतियार पुऱ्याउन सक्ने विश्वसँग एउटा किसानलाई सम्मानजनक जीविकोपार्जनका साधनबाट वञ्चित गर्न कुनै बहाना बनाउनु हुँदैन । हामी बहुपक्षीयतामा विश्वास गरिरहन्छौं । यसैले हामीलाई यस्तो संयुक्त राष्ट्रसंघ आवश्यक छ, जहाँ साना र गरिब देशहरूको उपस्थिति महसुस होस् र हामी न्यायपूर्ण परिणामका लागि सँगै काम गर्न सकौं । त्यसैले जलवायु न्याय पैसाको विषय मात्रै होइन । यो खर्च कस्ले बेहोर्छ भन्ने वितरणात्मक न्यायको विषय हो । यो कसको आवाज सुनिन्छ भन्ने प्रक्रियागत न्यायको विषय हो । साथै पर्वतीय समुदायहरू, साना टापु राष्ट्रहरू, भूपरिवेष्ठित तथा कम विकसित देशहरू र जन्मिन बाँकी पुस्ताहरूको भविष्यलाई समान रूपमा महत्व दिइन्छ कि दिइँदैन भन्ने विषय पनि हो । संयुक्त राष्ट्रसंघमा भोलिदेखि आयोजना हुने 'सगरमाथादेखि समुद्रसम्म' साइड-इभेन्टबाट नेपाल यो संवादको नेतृत्व गर्न सहयोग गर्न तयार छ ।

श्रीमान् अध्यक्षज्यू तथा महामहिमज्यूहरू,

हामी अहिले गहिरो विश्वव्यापी अनिश्चितताको मोडमा उभिएका छौं । नयाँ पुस्ताको चाहना प्रतिबिम्बित गर्ने ताजा लोकतान्त्रिक जनमतका साथ यस महासभामा उपस्थित भएका छौं । हाम्रा युवाहरूले इमानदारी र जवाफदेहिताको राजनीति माग गरेका छन् । यो पुस्तान्तरण राष्ट्रिय विषय मात्रै होइन । यो द्वन्द्व, असमानता र न्यून अवसरविरुद्ध विश्वव्यापी जागरणको हिस्सा पनि हो । म नेतृत्वको सरकार एउटा यस्तो राज्य निर्माणमा प्रतिबद्ध छ । जहाँ मर्यादित रोजगारी, सामाजिक सुरक्षा र प्रत्येक नेपालीलाई आफ्नै घरमा बस्ने चाहना पूरा गर्ने अवसर प्राप्त हुनेछ ।

नेपालमा आएको बाढीले बढ्दो चरम मौसमी घटनाहरुबाट आकार लिने भविष्यको संकेत गर्छ । त्यसैले हामी तत्कालको उपाय छाडेर दीर्घकालीन पूर्वतयारीको दिशातर्फ अघि बढ्ने संस्कृतिको विकास गर्न'पर्छ । हामी उत्थानशीलताका लागि वित्तीय व्यवस्था र बीमा तथा नवप्रवर्तनमा लगानी गरौं । अझ बलियो पूर्वाधार र संस्थाहरू निर्माण गरौं । जीवाश्म इन्धनको निर्भरता घटाऔं । चेतावनी दिने, सचेत गराउने र जीवन बचाउने प्रणाली निर्माण गरौं । कमजोरलाई सबैभन्दा कम शक्ति दिने व्यवस्थामा सुधार गरौं । जब विश्वको छानोबाट अर्को चेतावनी आउँछः त्यो सुन्न तयार रहौं, र त्यसैअनुसार काम गर्न पनि तयार रहौं ।

भगवान् पशुपतिनाथले विश्वको कल्याण गरून् । यो विश्व बुद्धले देखाएको बाटोमा हिँड्न सकोस् ।

धन्यवाद, नमस्ते ।

**जेनजी अभियानी...**

लगाएर जबरालाई छाडिएको बताइएको छ । घटनापछि सुरक्षा थ्रेटको आधार, नियन्त्रणमा लिने प्रक्रिया र सरकारको सुरक्षा व्यवस्थापनलाई लिएर विभिन्न प्रश्न उठिरहेका छन् ।

**एसएसपी ...**

आयोगको टोली कार्यालय पुगेको थियो । आयोगका अधिकारीहरूले प्रहरी महानिरीक्षक (आईजीपी) दानबहादुर कार्कीलाई समेत फोन तथा सन्देशमार्फत जानकारी गराएका थिए ।

तर आयोगको टोलीलाई कार्यालयभित्र प्रवेश गर्न नदिइएको जनाइएको छ । करिब ३५ मिनेट बाहिर कुरेपछि आयोगको टोली फर्किएको थियो । यही घटनाबारे जानकारी लिन आयोगले एसएसपी खड्कालाई उपस्थित गराउन प्रहरी प्रधान कार्यालयमार्फत पत्र पठाएको हो ।

**न्यायालय तर्साउन...**

तर्साउन खोजेको हो भने यो पनि घातक हुन्छ,' उनले भने ।

प्रचण्डले सुरक्षा खतरा भएको भए पक्राउ गर्न'को सट्टा सम्बन्धित व्यक्तिको घरमा सुरक्षाकर्मी थप्नुपर्ने बताए । 'यो सबैले बुझेको छ, सुरक्षा थ्रेट भन्ने कुरा बहानाबाजी हो । यदि त्यसो भने त सुरक्षा बढाइदिने हो नि,' उनले भने ।

पूर्वप्रधानन्यायाधीश जबरालाई पक्राउ गरेर पछि छाड्नुको वास्तविक तथ्य विस्तारै बाहिर आउने दाबी गर्दै प्रचण्डले आगामी दिनमा यस्ता घटना नदोहोऱ्याउन सरकारको ध्यानाकर्षण गराए ।

यसैबीच, प्रचण्डले संयुक्त राष्ट्रसंघको ८१औं महासभामा प्रधानमन्त्री बालेन्द्र शाहले गरेको सम्बोधन मुलुकले भोगिरहेको समस्याका सन्दर्भमा स्वाभाविक रहेको बताएका छन् ।

प्रधानमन्त्री शाहको सम्बोधनलाई अनावश्यक रूपमा बढाइचढाइ गर्न नहुने उनको भनाइ छ । 'बालेनजीको ठाउँमा अरू कोही गएको भए पनि अहिले बोल्ने त्यही कुरा हुन्थ्यो । बालेन गएर यो कुरा बोले, अरू गएको भए बोल्दैनथ्यो भन्ने कुरा सोचियो भने त्यो पनि सही हुँदैन,' उनले भने ।

**पर्यटन प्रवर्द्धन गरौं**

- नेपालको प्राकृतिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाको संरक्षण गरौं,
- कला, संस्कृति, भेषभुषा, भाषा, परम्पराको संरक्षण एवं प्रवर्द्धन गरौं,
- स्थानीय उत्पादन, हस्तकला तथा मौलिक खानाको प्रवर्द्धन गरौं,
- पर्यटकीय क्षेत्रको स्वच्छता र सौन्दर्यता कायम राखौं,
- पर्यटकप्रति सभ्य, सहयोगी र आतिथ्यपूर्ण व्यवहार गरौं,
- पर्यटन प्रवर्द्धन गरी स्थानीय समुदायको आर्थिक समृद्धिमा योगदान पुर्‍याऔं,
- सुरक्षित र दिगो पर्यटन क्षेत्रको विकासमार्फत आर्थिक समृद्धिका लागि जिम्मेवार बनौं ।
- पर्यटक हाम्रा पाहुँना हुन्, सहयोग र सम्मान गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

भाग ५

# दिव्य साधना



**दामोदर ढकाल "दीपक"**

मैले ती सानी नानी शुद्ध आत्मासँग सोधेँ, "हजुरको घर कति टाढा हो ?"

" आधा घन्टा जति लाग्छ!" उनले जवाफ दिइन्

" को सँग आउनु भएको हो तपाईं ? " मैले पुनः सोधेँ ।

" हजुरबुबासँग ! " उनले जवाफ दिइन् ।

" मलाई तिम्रो हजुरबासँग भेट्टाउ त ! " मैले प्रस्ताव राखेँ ।

उनले मलाई हजुरबा भए ठाउँमा लगेर भेट्टाइन् । मैले नानीको हजुरबासँग भोलि यहाँको कार्यक्रमपछि बिहान हजुरकोमा प्रसादी खान आउने बताएँ । अन्न नभइ कन्दमूल र फलफूल मात्र खान्छु भनेँ । उहाँ खुसीले गद् गद हुनुभयो । म त्यहाँबाट बिदा मागेर बास बस्ने ठाउँतिर गएँ । बाटोको चौतारोमा केही मान्छेहरू भेला भएर गफ गर्दै थिए । एउटाले भन्दै थियो , " देशको स्थायी विकास कृषि र पशुपालनबाट मात्र सम्भव छ ।"

" हो नि !"

" आज दिव्य साधकले मासु खानेहरूलाई हेपेर पापी भन्छ कि भनेर चाख लिएर सुनेको,भनेन !"

" यो साधक कति सरल छ है । यही गाउँकै मान्छे जस्तो , नत्र गुरुहरूले कम सम्मान खोज्छन् ।"

" सामान्य हाँसेर मात्र बोल्ने, नचाहिने कुरा नबोल्ने , विचरा मरिसक्यो भनेर किरिया नि गरिसकेका रहेछन्, परिवारको सदस्य जस्तो नि !

अन्नसमेत नखाने रहेछ

बास बसे ठाउँमा पनि गुन्द्रीमा गुरुले दिएको खास्टो ओढेर सुत्छ अरे । ऊ त्यो घरमा बसेको भोलिपल्ट नै दुई वर्षदेखि बहर नलागेकी राती गाईले बहर खोजी अरे

तल रातमाटेको मूल बढेको छ अरे ।हुन त यिनका गुरु पनि खत्रा मान्छे हुन् । उनी आउन थालेको १५ वर्ष भयो गाउँमा नराम्रो भएको छैन ।नत्र त गाउँमै हानाहान र काटामार थियो । उब्जनी नहुने, हरेक घरमा फलफूल रोप्नु पर्छ भनेर बिरुवा ल्याईदिए । बीउ ल्याएर नर्सरी बनाउन सिकाए यिनका गुरुले । भनाई नै छ नि जस्तो गुरु उस्तै चेला । तर किन दिव्य साधक आफ्नै परिवारको सदस्य जस्तो लाग्छ भन्या ।

मैले यति सुनेपछि खोक्दै झरेँ । चौतारका मान्छेहरूले गुरु बास बस्ने ठाउँमा जान लाग्नु भएको ? भनेर सोधे ।

हजुर । मैले छोटो जवाफ दिएँ ।

"जाऔँ सँगै हामी पनि त्यतै जाने हो । " म उनीहरूसँग कुरा गर्दै झरेँ ।

मलाई गाउँलेहरूले माया औँधी गरेका छन् । व्यवहार होला,तनाव होला तर पनि हाँसी खुसी छन् । सबैको मुहारमा खुसी र हाँसो छ । न गरिब गरिब जस्तो छ न धनी धनी जस्तो छ । घमण्ड र अहङ्कार कसैसँग पनि छैन । गुरुले कति मज्जाले मेलमिलाप गराउनु भएको रहेछ। हुन त गुरुका यस्ता धेरै गाउँ छन् । मिलाएर वर्षमा एक दुई पटक सबै ठाउँमा पुग्नु भएको छ । कानले गाउँलेका कुरा सुन्दै र मनले गुरुको स्मरण गर्दै बास बस्ने ठाउँमा पुग्यौँ । ल पाहुना ल्याइदिएका छौँ है भन्दै गाउँलेहरू बिदा मागेर गए । कति धेरै आत्मीयता छ, कति निःस्वार्थ सम्बन्ध छ । गाउँ जति सुन्दर छ मान्छेका मन पनि त्यति नै कञ्चन ।

आजका लागि मेरो खाना रहेछ,एबोगाड र फडिर मलाई दुवै रुचिकर खानेकुरा हुन् । यी खानेकुरा देखेपछि सोधेँ, " कहाँ पुगेर जोहो गर्नु भएको है ,यति मीठा फल !"

" बारीमा नै छ । ठूलो गुरुले नर्सरी नै बनाएर बिरुवा उमारेर हरेक घरलाई दुई दुईवटा बिरुवा दिनुभएको एबोगाडो त तल्लो बारीमा छ फडिर घाम लाग्नेतिर पाक्न सुरु गरेछ । अनि गुरुका लागि टिपेर ल्याइदिएको ।"

"भनेपछि यो वर्ष फलेको पहिलो फल खुवाउने हुनुभयो ।? मैले बोलेँ ।

हजुर !

मैले प्रार्थना गरेर खाना खाएँ । उहाँहरूले पनि खानु भयो । केहीबेर भजन गाएर हामी सुत्ने तरखरमा लाग्यौँ ।

पल्टिनासाथ हाई आयो । जिउ भारी भएको महसुस भयो म निदाएँ ।

सपनामा शुद्ध आत्मा ती बालिकालाई देखेँ । बालिकाले पूजा गरेको देखेँ । ठूलो मन्दिरमा अनि गुरु आउनु भयो र भन्नू भयो,अब तैँले केही गर्ने बेला आयो । भोलि तैँले जीवनमा नै असल कार्यको आरम्भ गर्दैछस् ।" मलाई आतिथ्य दिने बाले खोक्दा पो झल्यास बिउँझिएँ ।

बिहान एकछिन ध्यान र हलुका व्यायम सकेर पनि कार्यक्रमस्थलमा पुगेँ । किनकि आजको दिन नै मेरो जिज्ञासा मेटाउने अन्तिम दिन थियो । भोलि त म बिदा भएर जाने दिन थियो । यसर्थ मैले ती कोमल र निर्दोष गाउँलेहरूको जिज्ञासा मेटाउनु थियो । म पुग्दा सात बजिसकेको थियो र उत्तर दिने ठाउँमा उभिएँ ।

पहिलो जिज्ञासा हिजो सोध्न नपाएका अध्यक्षबाट आयो

" विश्वमा शान्ति स्थापना गर्न के गर्नुपर्ला ? "

" आफूमा शान्ति स्थापना गर्नुपर्छ । स्वतः शान्ति स्थापित हुन्छ ।" मैले जवाफ दिएँ ।

" हत्या , हिंसा रोक्न के गरेमा सकिन्छ ? " पुनः प्रश्न आयो ।

" विवेकशील स्वयं सबै बन्नुपर्छ ।" मैले जवाफ दिएँ ।

" धर्म धर्म बीचको युद्ध रोक्ने उपाय छ ?" उसले पुन; जिज्ञासा राख्यो ।

धर्म धर्मबीच युद्ध छैन ।धर्मको नाउँमा अतिवादीहरूमा छ । यो हटाउन असम्भव छ । किनकि अतिवादले खती निम्त्याउछ । "

" असम्भव भन्ने पनि होला र ? " पुनः उसको प्रश्न आयो ।

" असम्भवबिना सम्भव छैन ।" मेरो उत्तरपछि उसको प्रश्न आयो , " मेरो विशुद्ध आध्यात्मिक संस्था छ । त्यो संस्था फस्टाउन के गर्नु पर्छ ? "

सबै चलअचल सम्पत्ति संस्थालाई बुझाउनुहोस् । लोभ, मोहबाट पर रहनुहोस् । संस्थाबाट कमाउनेभन्दा संस्थालाई जमाउने र बनाउनेतिर लाग्नुहोस् । प्रचारप्रसार भन्दा तपाईं आफू आध्यात्मिक बनेर दिव्य र कठोर साधनामा लाग्नुहोस् । संस्था आफैँ चल्छ ।" मेरो जवाफमा उसले पुनः प्रश्न गर्‍यो , " न सुकाई चराले बिस्कुन त खाँदैन, प्रचारविना संस्था कसरी चल्छ त ?"

" व्यापारिक अथवा सामाजिक संस्था प्रचारप्रसारले चल्छ । आध्यात्मिक संस्था साधना र तपस्याले चल्छ, पिर नलिनु संस्था चल्छ । तपाईं पहिले आध्यात्मिक ज्ञानको गहिराइमा डुब्नुहोस् । संस्था आफैँ चल्छ ।" उसले पुनः अर्को जिज्ञासा राख्न खोज्दै थियो । कार्यक्रम सञ्चालकले रोकिदियो । समय अभाव देखाएर र गाउँलेहरूको तर्फबाट जिज्ञासा गर्न कुनै एकजनालाई अनुरोध गरियो ।

" हजुरलाई, यो गाउँ कस्तो लाग्यो , यो गाउँको

भविष्य कस्तो देख्नु हुन्छ ?"

" मेरो गुरुदेवले हेरेका सयौँ गाउँमध्ये मैले यसरी हेरेको पहिलो गाउँ ,मलाई अत्यन्त सुन्दर लागेको छ । यहाँ मेलमिलाप छ । अनि कृषि र पशुपालन छ । समग्र गाउँको भविष्य उज्ज्वल हुन मेलमिलाप ,कृषि र पशुपालन नै प्रमुख कुरा हुन् । हजुरहरूको मेहनतले धेरै मान्छेको प्राण धानेको छ । आगामी वर्षदेखि झनै हजुरहरूको कर्मको फल वृद्धि भएर जाने छ । किनकि यो गाउँमा देवीको जन्म भइसकेको छ । उनलाई सबैले माया गर्नुहोला । बाँकी कुरा म भोलिको कार्यक्रममा भन्ने छु । जय होस् ।

# गजल



**सरिता थापा मगर**

कहिले जलाउछ कहिले बगाउँछ मेरो देशलाई ।
हे भगवान किन?यति धेरै रुवाउछ मेरो देशलाई ।

यता तान्दा उता तान्दा च्यात्तिएको चोली आमाको ।
बर्षै पिच्छे पिडा किन?जिउँदै जलाउछ मेरो देशलाई ।

एउटा घाउमा खाटा नबस्दै अर्को घाउ लाग्छ सधैं ।
बाहिर ठिक्क भित्र भित्रै छुरा चलाउछ मेरो देशलाई ।

कति हराए कति मरे एकिन छैन आजसम्म पनि ।
दर्दानक पिडा विशेक नहुने घाउछ मेरो देशलाई ।

इतिहासकै यो कहालीलाग्दो दिन कसरी बिर्सु म ।
अझै डर त्रासले कतिन्जेल सताउछ मेरो देशलाई ।

बिन्ती बहस गर्ने समय छैन सक्दो सहयोग गरौं ।
हामीमा एकता भयौं भने बचाउछ मेरो देशलाई ।

# श्रीओम श्रेष्ठ 'रोदन' को नियात्राकृति विदेशमा देश लोकार्पण




काठमाडौं- दर्जनौ कृतिका सर्जक तथा साहित्यकार श्रीओम श्रेष्ठ रोदनको नविनतम् नियात्रासङ्ग्रह 'विदेशमा देश'को एक समारोह का बीच लोकार्पण भएको छ ।

राजधानीमा शुक्रबार आयोजित कार्यक्रममा घनश्याम राजकर्णिकार,प्राडा लक्ष्मणप्रसाद गौतम,प्रमोद प्रधान,छविरमण सिलवाल,केशव पराजुली ,रोदन दम्पति लगायतले उक्त कृति लोकार्पण गरे ।

दर्जन भन्दाबेसी मौलिक कृति र डेढ दर्जन जति कृति सम्पादन गरिसकेका रोदनका प्राय नियात्रा आफुले पढेको बताउँदै घनश्याम राजकर्णिकारले भने, रोदनका कृतिहरु तथ्यको सन्निकट भएको पाएको छु । उनका नियात्राहरु विवरणात्मक मात्र हुँदैनन्,निजात्मक पनि हुन्छन् । अझै उनको निरन्तर भाषा साहित्यको सेवा गर्ने कुरा अनुकरणीय छ ।

कृतिमाथि चर्चा गर्दै वरिष्ठ समालोचक प्रमोद प्रधानले भने, श्रीओम नढाँटी लेख्ने इमान्दार लेखक हुन् । नियात्राहरु अरुको भन्दा पृथक पनि लाग्छन् । देखेको कुरा जसले नि लेख्छ तर फरक ढङ्गले लेख्नुपर्छ,उनको लेखनीमा यहि फरकपना छ । कृतिमा विदेशका विभिन्न सन्दर्भहरु र परिवेशहरु आएको बताउँदै उनले अगाडि भने, तथ्यहरु भएको नियात्रामा पाठकले विभिन्न विषयहरुसँग स्वदेशलाई तुलना गर्न सक्छन् । विकसित देशका राम्रा पक्षमात्र नभएर कमजोरी पनि केलाइएको छ । नियात्रामा सहयात्रीसँग वार्ता पनि गरिएको छ । सुक्ष्म विषयहरु पनि आएका छन् । काव्यात्मक चेत र दार्शनिक वाक्यहरु पनि प्रयोग भएका छन् ।

प्रा.डा.लक्ष्मणप्रसाद गौतमले रोदनमा भएको सिर्जनशील उर्वरताको प्रशङ्सा गरे । प्रा.डा.गौतमले रोदनका रचनाहरु स्वदेश तथा विदेशका विभिन्न विश्वविद्यालयरुमा पढाई हुने गरेको पनि बताए । उनले साहित्यिक क्षेत्रमा देखिएको पुरस्कार लेनदेनको विषयलाई विकृतिको रुपमा औँल्याए ।

रोदनकी धर्मपत्नी ललिता श्रेष्ठले १३ औं कृति प्रकाशन भएकोमा खुशी बाँड्दै पुराना दिनहरु स्मरण गरिन । उनले रोदनसँगका विभिन्न अनुभूतिहरु साझा गरिन ।

भुँडीपुराण प्रकाशनका केशव पराजुलीले अग्रज साहित्यकारको कृति प्रकाशन गर्न पाएकोमा खुशी व्यक्त गर्दै कृतिको निम्ति रोदनलाई बधाई दिए ।

सुनकोशी वाङ्मय प्रतिष्ठानको आयोजनामा भएको उक्त कार्यक्रम छविरमण सिलवालको अध्यक्षतामा सम्पन्न भएको थियो । शुभद्रा अधिकारीले स्वागत मन्तव्य राखेको कार्यक्रमको सहजीकरण सचिव प्रदीप सापकोटाले गरे ।

रोदनका नर्विसने दिनहरु र समुन्द्रवारि,समुन्द्रपारि दुई नियात्राकृति सहित झण्डै डेढदर्जन कृतिहरु प्रकाशित छन् ।

विदेशमा देशलाई भुँडीपुराण प्रकाशनले प्रकाशित गरेको हो ।

# मन्जरी तामाङको 'दनदनी' बोलको र्‍याप गीत सार्वजनिक




काठमाडौं- बाल र्‍यापर मन्जरी तामाङको नयाँ र्‍याप गीत 'दनदनी' सार्वजनिक भएको छ । आफ्नो जन्मदिनको अवसर पारेर मन्जरीले गीत सार्वजनिक गरेकी हुन् ।

मन्जरीले आफ्नै शब्द, संगीत र आवाजमा तयार पारेको उक्त गीत मन्जरी अफिसियल युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको हो । सामाजिक सन्देश समेटिएको गीतमा मन्जरीसँगै साइड डान्सर रीना घलान, केसाङ घलान, नोर्साङ तामाङ, रुबिना श्रेष्ठ, सबिना स्याङ्बा र आशिका गौतमको अभिनय रहेको छ । गीतको भिडियोमा आनन्दकिशोर साहले कोरियोग्राफी गरेका छन् ।

जन्मदिनकै अवसरमा मन्जरीले सिर्जनशील अपाङ्ग पुनर्स्थापना तथा विशेष शिक्षा विद्यालयका ३० जना अपाङ्गता भएका बालबालिकालाई भोजनसमेत गराएकी छन् । जन्मदिनलाई सामाजिक सेवासँग जोड्दै उनले बालबालिकासँग समय बिताएकी हुन् ।

सानै उमेरदेखि संगीत तथा अभिनय क्षेत्रमा सक्रिय मन्जरी विभिन्न बाल र्‍याप गीत तथा म्युजिक भिडियोमा काम गर्दै आएकी छन् । उनले 'चर्चा छ चर्चा', 'गरिबलाई कानुन', 'भ्रष्टलाई फाँसी' र 'कथा' लगायत सामाजिक सन्देश बोकेका गीतमा आवाज दिएकी छन् ।

मन्जरीलाई सांगीतिक क्षेत्रमा अघि बढ्न उनकी आमाबाट प्रेरणा मिलेको छ । छोटो उमेरमै विभिन्न अवार्ड तथा सम्मान प्राप्त गरिसकेकी उनी बाल कलाकारका रूपमा समेत परिचित छिन् । यसअघि सामाजिक विषयवस्तुमा आधारित गीतमार्फत दर्शकमाझ परिचित हुँदै आएकी मन्जरीले 'दनदनी' मार्फत पनि सामाजिक सन्देश प्रस्तुत गरेकी छन् ।

# रमेश र वेनिशाको स्वरमा 'हाम्रो माया कहिल्यै छुट्दैन' सार्वजनिक

काठमाडौं- रमेश पाठक र वेनिशा पौडेलको स्वरमा रहेको गीत 'हाम्रो माया कहिल्यै छुट्दैन' सार्वजनिक भएको छ । पाठककै शब्द रचना तथा सङ्गीत रहेको गीतको भिडियो सार्वजनिक भएको हो ।

गीतमा रामकृष्ण थापाको सङ्गीत संयोजन र विनोद महतराको रेकर्डिङ रहेको छ । रमेशकै निर्देशन र रोशन विश्वकर्माको कोरियोग्राफी रहेको गीतको भिडियोमा आकाश श्रेष्ठ, एलिना गुरुङसँगै रमेश पराजुली, अनिश मगर र रमेश श्रेष्ठको अभिनय रहेको छ ।

रोशन विश्वकर्माले छायांकन गरेको भिडियोको दृश्य सम्पादन तथा कलर दिनशोन शाहले गर्न'भएको हो ।

भिडियो गायक पाठककै आधिकारिक युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको हो ।

स्वरमा विविधता प्रस्तुत गर्दै आउनुभएका पाठकले पछिल्लो समय लोक, आधुनिक तथा पप विधाका गीतलाई निरन्तरता दिँदै आउनुभएको छ ।

फरक शैली र विषयवस्तुका गीतमार्फत श्रोता-दर्शकमाझ आफ्नो छुट्टै पहिचान बनाउँदै आउनुभएका पाठकले समसामयिक, चेतनामूलक, व्यावसायिक तथा मनोरञ्जनात्मक प्रकृतिका गीतसमेत प्रस्तुत गर्दै आउनुभएको छ ।

# जीवन लुइँटेलको शब्द, बिनोद बि.सी.को संगीत र स्वरमा दशैं गीत सार्वजनिक

काठमाडौं- नेपालीहरूको महान् पर्व दशैंलाई लक्षित गर्दै नयाँ दशैं गीत सार्वजनिक भएको छ । जीवन लुइँटेलको शब्द तथा बिनोद बि.सी.को संगीत र स्वरमा तयार भएको उक्त दशैं गीतको भिडियो सार्वजनिक गरिएको हो ।

गीतमा जीवन लुइँटेल र बिनोद बि।सी।को सिर्जनात्मक सहकार्य रहेको छ । दशैंको सांस्कृतिक भावना, पारिवारिक आत्मीयता र नेपाली मौलिकतालाई प्रस्तुत गर्ने प्रयास गरिएको गीतको भिडियोमा बिनोद बि.सी., जीवन लुइँटेल र विशाल बि ।सी ।को अभिनय रहेको छ ।

गीतलाई नरेन्द्र बियोगीले एरेन्ज तथा मिक्सिङरमास्टरिङ गरेका छन् भने रामकृष्ण थापाले रेकर्डिस्टको भूमिका निर्वाह गरेका छन् । गीतको रेकर्डिङ वेभ स्टुडियोमा गरिएको हो ।

भिडियोको निर्देशन विक्रम चौहानले गरेका छन् । प्रशान्त के.सी.को सिनेमाटोग्राफी रहेको भिडियोको सम्पादन लक्ष्मण चौहानले गरेका हुन् ।

नेपाली कला, संस्कृति र पर्वसँग जोडिएको यस दशैं गीतले दर्शक-श्रोतामाझ सकारात्मक प्रतिक्रिया पाउने अपेक्षा गरिएको छ ।

जीवन लुइँटेलको शब्द र बिनोद बि ।सी ।को संगीत तथा स्वरमा रहेको यो दशैं गीत अहिले दर्शक-श्रोताका लागि सार्वजनिक भइसकेको छ ।

# घुम्ती कवि गोष्ठी पुग्यो कपनमा



**मोहन कार्की**

काठमाडौं- घुम्ती कवि गोष्ठी मितिः २०८३ असोज ९ गते कपनमा पुगेको छ । प्रत्येक महिनाको पहिलो शनिवार घुम्दै जादा जाहा पुगिन्छ त्यही नै कविहरुले कविता वाचन गर्ने उदेश्य राखि केही वर्ष अगाडी सञ्चालन हुदै आएको कविहरुको स्वविवेकवाट शुरु भएको कार्यक्रम पछि संस्थाको रुपमा विकास भएको थियो । हाल यस संस्थाका अध्यक्ष माधवलाल श्रेष्ठ रहेका छन् । जुन क्षेत्रमा पुगिन्छ त्यो क्षेत्रका संयोजक तोकेर कार्यक्रम गरिदै आएको छ । यसपटकको कार्यक्रम संयोजक कपन निवासी भमरकोटवाट आएका काभ्रेका कवि दुर्गा अधिकारी (भमरकोटे) को संयोजकमा भव्य कार्यक्रम भएको छ । उक्त कार्यक्रममा ४७ जना कविहरुको उपस्थिति रहेको छ । कविहरुले आ-आफ्ना कविता, गीत, गजल, सुसेली गाएका छन् । धेरै जतिले गएको भदौ १० मा भोटेकोशीमा आएको बढीले पुर्‍याएको जनधनको क्षतिको विषयलाई समेटेर कविता, गीत, गजल गाएका छन् ।

का.जि.प्र.का.द.नं.३५२/०६४-०६५ गो.हु.का. द.न. १/०७७/०७८

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
www.janaakash.com.np

वर्ष -१९, अंक- १०,
२०८३ साल असोज १३ गते मंगलबार
28 September 2026, Tuesday

### सामसङ नेपालको दसैं-तिहार अफर

# दैनिक ३१ र साप्ताहिक ८ जनाले उपहार जित्ने




काठमाडौं- सामसङ नेपालले दसैं-तिहारको अवसरमा आफ्ना टिभी तथा होम अप्लायन्समा 'स्मार्ट अपग्रेड घरमा, लक्की सरप्राइज चाडमा' अफर सार्वजनिक गरेको छ।

सेप्टेम्बर २० देखि नोभेम्बर १६, २०२६ सम्म सञ्चालन हुने अफरअन्तर्गत ग्राहकले सामसङका टिभी, रेफ्रिजेरेटर, वासिङ मेसिन वा एसी खरिद गर्दा दैनिक तथा साप्ताहिक लक्की ड्रमा सहभागी भई उपहार तथा थप क्यासब्याक प्राप्त गर्न सक्नेछन्।

अफरअन्तर्गत दैनिक ३१ जना विजेता छनोट गरिनेछ। दैनिक विजेताले सामसङको ९ केजी फ्रन्टलोड वासिङ मेसिन वा ५५ इन्च यूएचडी टिभीमध्ये एक उपहार जित्ने अवसर पाउनेछन्। यस्तै, साप्ताहिक ८ जना विजेताले सामसङ एसी जित्ने मौका पाउनेछन्।

लक्की ड्रमा सहभागी हुन खरिद गरिएको उपकरणको पछाडि रहेको स्टिकरमा उल्लेखित १४ अंकको सिरियल नम्बर प्रयोग गरी १४ अंकको सिरियल नम्बर' लेखेर ३७२७३ मा एसएमएस पठाउनुपर्नेछ। एसएमएस पठाएपछि ग्राहकले तत्कालै पुष्टिको सन्देश प्राप्त गर्नेछन्।

लक्की ड्रका विजेताको घोषणा प्रत्येक बुधबार इमेज च्यानलको 'म्युजिक अफ योर च्वाइस' कार्यक्रममा गरिनेछ। विजेताको सूची स्मार्ट प्लाजा र बिग डिजिटलका फेसबुक पेजमा समेत सार्वजनिक गरिने कम्पनीले जनाएको छ।

अफरमा लक्की ड्रसँगै छनोट गरिएका उत्पादनमा थप क्यासब्याक र उपहारको व्यवस्था गरिएको छ। टिभीमा २६ प्रतिशतसम्म क्यासब्याक, निःशुल्क साउन्डबार तथा छनोट गरिएका मोडलमा १२ महिनासम्म निःशुल्क नेटटीभी प्याकेज उपलब्ध हुनेछ। त्यस्तै, रेफ्रिजेरेटरमा २१ प्रतिशतसम्म क्यासब्याक र ५ हजार रुपैयाँसम्म एक्सचेन्ज बोनस तथा वासिङ मेसिनमा १८ प्रतिशतसम्म क्यासब्याक र ३ हजार रुपैयाँसम्म एक्सचेन्ज बोनस उपलब्ध हुनेछ। छनोट गरिएका वासिङ मेसिन मोडलमा ६ केजी सर्फ एक्सेल म्याटिक डिटर्जेन्टसमेत निःशुल्क पाइनेछ।

ग्राहकले हुलास फिनसर्भ हायर पर्चेज लिमिटेडद्वारा सञ्चालित सामसङ इन्स्टा फाइनान्समार्फत १२ वा २४ महिनाको ईएमआई योजनामा उपकरण खरिद गर्न सक्नेछन्।

नयाँ सामसङ होम अप्लायन्समा अपग्रेड गर्न चाहने ग्राहकले अर्कोस्टोर वा नेपालभरका अधिकृत सामसङ रिटेल स्टोरमार्फत आफ्ना पुराना उपकरण एक्सचेन्ज गर्न सक्ने कम्पनीले जनाएको छ।

त्यसैगरी कम्पनीका प्रमुख कार्यकारी अधिकृत सुरेश प्रसाद खत्रीले आर्थिक वर्ष २०८२र८३ मा कम्पनीले प्राप्त गरेको ऐतिहसिक व्यवसायिक उपलब्धि नेशनल लाइफ परिवारको सामूहिक सफलता भएको बताएका थिए। उनले नयाँ आर्थिक वर्षको सुरुवातसँगै कम्पनी अझ स्पष्ट लक्ष्य, मापनयोग्य रणनीति र उच्च पेशागत प्रतिबद्धताका साथ अघि बढिरहेको हुँदा अभिकर्ता सञ्जाललाई थप मजबुत बनाउने र ग्राहक सेवाको गुणस्तर सुधार गर्ने कुरामा कम्पनीले जोड दिएको बताए।

कार्यक्रममा, चेयरपर्सन क्लब सदस्यता वितरण गरिनु का साथै सञ्जाल र आफ्नो कोडको व्यवसायमा नेपालभर प्रथम, द्वितीय र तृतीय तथा समूहगत व्यवसायमा प्रथम हुने अभिकर्ताहरूलाई र सेन्चुरियन क्लब, नेशनल स्टार, नेशनल सुपरस्टार तथा लगातार १० वर्षसम्म चेयरपर्सन क्लबमा छनोट हुन सफल अभिकर्ताहरू लगायत आफ्नो कोड र संजाल व्यवसायमा नेपालभरबाट उत्कृष्ट व्यवसाय गर्ने अभिकर्ताहरुलाई चेयरपर्सन प्रेमाराज्य लक्ष्मी सिंहबाट विशेष सम्मान गरिएको थियो। कार्यक्रममा सहभागि अभिकर्ताहरुलाई दक्ष तथा अनुभवी प्रशिक्षकरुबाट वहाँहरुको ज्ञान, सिप, क्षमता अभिवृद्धि गर्ने उदेश्यले विभिन्न विधाहरुमा प्रशिक्षण प्रदान गरिएको थियो। यसै क्रममा सम्पत्ति शुद्धीकरण सम्बन्धी प्रशिक्षण प्रदान गर्दै नियमनकारी निकाय नेपाल बीमा प्राधिकरणका उपनिर्देशक पदम प्रसाद साडारीले बीमालाई समेत माध्यम बनाएर सम्पत्ति शुद्धीकरण गर्ने गतिविधि बढ्न सक्ने भएकाले शंकास्पद गतिविधिको सुक्ष्म निगरानी, आवश्यक पहिचान तथा प्रचलित कानूनी व्यवस्थाको पालनामा बीमा व्यवसायमा संलग्न सबै पक्ष सचेत र सजग हुनुपर्ने धारणा राखेका थिए। यसै गरी कार्यक्रममा प्रशिक्षक विश्वराज पौडेलले कृत्रिम बुद्धिमत्ता विभिन्न प्रयोगात्मक उदाहरण मार्फत एआई प्रविधिलाई बीमा व्यवसायसँग कसरी जोड्न सकिन्छ भन्नेबारे जानकारी गराउनुका साथै ग्राहकसँगको सम्पर्क, सामग्री निर्माण, व्यवसायिक योजना, सूचना व्यवस्थापन लगायतका क्षेत्रमा एआईको उपयोग गर्न सकिने सम्भावना बारे प्रशिक्षण प्रदान गरेका थिए।

त्यसैगरी अर्का प्रशिक्षक संजोग कोइरालाले अहिलेको समय डिजिटल युग भएकाले डिजिटल माध्यमलाई प्रभावकारी रूपमा प्रयोग गर्न सके बीमा व्यवसाय विस्तारमा ठूलो लाभ लिन सकिने बताए। डिजिटल प्लेटफर्म प्रयोग गर्दा प्रचलित कानुन तथा नियामकीय व्यवस्थाको पूर्ण पालना गरी सत्यतथ्य सूचना तथा स्वीकृत सामग्री मात्र सार्वजनिक गर्न'पर्ने, भ्रामक समाचार, गलत सूचना वा गलत भाष्य सिर्जना गर्ने कार्यबाट कानुनी जटिलता उत्पन्न हुन सक्ने तर्फ विशेष सजग रहनु पर्ने बताएका थिए।

विजयी अभिकर्ताहरुले चेयरपर्सन क्लबमा छनौट हुनका लागि वर्षभर निरन्तर मेहनत, अनुशासन, उत्कृष्ट व्यवसायिक प्रदर्शन आवश्यक पर्ने भएकाले यस कार्यक्रममा सहभागी हुनु गौरवको विषय भएको र वर्षभर गरेको मेहनतको परिणाम स्वरूप प्राप्त हुने सम्मानले अभिकर्ताहरुको परिश्रमले सार्थकता पाएको अनुभूति हुने बताएका थिए।

# नेपालमा टिभिएस जुपिटर ११० सार्वजनिक, सुरुवाती मूल्य २ लाख ५७ हजार ९००




काठमाडौं- विश्वव्यापी रूपमा दुई तथा तीनपाङ्ग्रे सवारीसाधन निर्माण गर्दै आएको टिभिएस मोटर कम्पनीले नेपाली बजारमा टिभिएस जुपिटर ११० सार्वजनिक गरेको छ। जगदम्बा मोटर्सको संयोजनमा सोमबार काठमाडौंमा आयोजित कार्यक्रममा नयाँ स्कुटर सार्वजनिक गरिएको हो।

स्कुटरको सुरुवाती मूल्य २ लाख ५७ हजार ९०० रुपैयाँ निर्धारण गरिएको छ। कम्पनीका अनुसार जुपिटर ११० अत्याधुनिक इन्जिन तथा आफ्नो सेग्मेन्टमा पहिलोपटक समावेश गरिएका विभिन्न नवीन प्रविधिसहित ल्याइएको हो। यसले शैली, माइलेज, प्रदर्शन, आराम, सुविधा, सुरक्षा र प्रविधिको सन्तुलन प्रदान गर्ने कम्पनीको दाबी छ।

टिभिएसका अनुसार जुपिटरले विश्वभर ७० लाखभन्दा बढी प्रयोगकर्ताको विश्वास जितिसकेको छ। नयाँ जुपिटर ११० मा १५ वटा सेग्मेन्टमै पहिलो र १४ वटा उत्कृष्ट विशेषता समावेश गरिएको कम्पनीले जनाएको छ।

स्कुटरमा फराकिलो ग्लोभ बक्स, अगाडिको फ्युल फिल, लामो सिट, एकै ठाउँबाट खोल्न मिल्ने लक र मोबाइल चार्जिङ सुविधा राखिएको छ। त्यस्तै, १२ इन्चका ठूला पाङ्ग्रा र उपयुक्त ह्विलबेसका कारण साँघुरो ट्राफिक तथा कम गतिमा समेत सहज र सन्तुलित यात्रा गर्न सकिने कम्पनीको भनाइ छ। जगदम्बा मोटर्सका साहिल अग्रवाल र अखिल गुप्ताले संयुक्त रूपमा स्कुटर सार्वजनिक गरेका हुन्। जगदम्बा मोटर्स नेपालमा दुईपाङ्ग्रे तथा व्यावसायिक सवारीसाधनको प्रमुख वितरक तथा सेवा प्रदायक कम्पनीका रूपमा कार्यरत छ।

कम्पनीले लामो समयदेखि नेपाली बजारमा विश्वस्तरीय मोबिलिटी उत्पादन भित्र्याउँदै आएको जनाएको छ।

टिभिएस मोटर कम्पनीलगायत विभिन्न विश्वव्यापी ब्रान्डको आधिकारिक डिलरका रूपमा जगदम्बाले देशभरका डिलर नेटवर्कमार्फत बिक्री, बिक्रीपछिको सेवा तथा वास्तविक स्पेयर पार्ट्स उपलब्ध गराउँदै आएको छ।

# सवारीसाधन सञ्चालनलाई थप व्यवस्थित बनाउन नयाँ नियम लागू

काठमाडौं- यातायात व्यवस्था विभागले सार्वजनिक सवारीसाधन सञ्चालनलाई थप व्यवस्थित, सुरक्षित र मर्यादित बनाउन नयाँ नियम लागू गरेको छ।

विभागको नयाँ निर्देशनअनुसार ८ देखि १४ सिट क्षमता भएका (जस्तै टाटा सुमो, महिन्द्रा बोलेरो आदि)लाई २५० किलोमिटरभित्रको रुटमा मात्र बाटो इजाजतपत्र प्रदान गरिनेछ।

त्यस्तै, माइक्रोबसहरूको हकमा ३०० किलोमिटरभित्रको रुटमा मात्र बाटो इजाजत दिने व्यवस्था मिलाइएको छ। प्रत्येक सार्वजनिक सवारीसाधनले प्रत्येक छ/छ महिनामा प्राविधिक



जाँचपास र प्रदूषण चेकजाँच गराउनुपर्ने नियमलाई अनिवार्य गरिएको छ।

सवारी परीक्षण कार्यालयबाट रात्री सेवा कायम भएको भनी बाटो इजाजतपत्रमा उल्लेख भएका सवारीसाधन मात्र रात्री सेवामा सञ्चालन हुन पाउनेछन्। साथै, बाटो इजाजतमा अनिवार्य रूपमा 'दिवा सेवा' वा 'रात्री सेवा' स्पष्ट रूपमा लेख्नुपर्नेछ। सवारी परीक्षण कार्यालयद्वारा कायम भई बाटो इजाजतपत्रमा उल्लेख भएका साधारण रात्री, डिलक्स र सुपर डिलक्स यात्रुवाहक सवार ीसाधनलाई मात्र मान्यता दिइने र विभागले तोकेको अधिकतम भाडादर मात्र लागू हुनेछ।




जनआकास मिडिया प्रा.लि का लागि :
प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादकः मोहन कार्की (९८५१०८७१५६), सम्पादकः ईन्दिरा धमला, कम्प्युटरः जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana .news2065@gmail .com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस, बागबजार